# आत्मिकि युद्ध र “दुई बिऊहरु” लाई बुझ्दै

फ्रियाङ्क्लिनको नोट


१. पहिलो विद्रोह : स्वर्गदूत पाना ३

२. मानिस मञ्चमा प्रवेश गर्दछ पाना ४

३. दोस्रो विद्रोह : मानवजाति पाना ५

४. स्त्रीको पहिलो बीउ पाना ७

५. “स्त्रीको बीउ” माथि शैतानको ठूलो आक्रमणको परीणाम स्वरुप बाढी आयो पाना ११

६. मुक्तिदाताको रगतको रेखालाई बिगर्ने प्रयत्न पाना १६

७. आज दुई मानिसका समुहहरुमा अनियन्त्रीत क्रोधको कारण युद्ध हुँदैछ पाना पाना १९

८. अझैं स्पष्ट गर्ने पदहरु पाना १९

९. हाम्रा प्रभु येशूको खीष्टको महान् विजय पाना २३

१०. अन्तको समयहरुमा बाँचिरहेको पाना २४

११. विश्वासीहरुको महान् प्रस्थान पाना २७

१२. संकष्ट पाना ३१

१३. पृथ्वीमा संकष्ट तर स्वर्गमा उत्सव पाना ३२

१. खीष्टको न्यायको आसन।

२. थुमाको विवाहको भोज

१४. येशू खीष्टको दोस्रो आगमन पाना ३४

१. सबै विश्वासीहरु, उहाँको मण्डली, उहाँको दुलही उहाँसँगै फर्कने छन्
२. शैतान र झुटा अगमवक्ताहरुको अन्त्य
३. शैतानलाई एक हजार वर्षका लागि बन्धि बनाएको छ
४. सबै विश्वासीहरुले उहाँसँगै शासन गर्ने छन्
५. हजार वर्षका लागि मात्र होइन तर सधैँ भरिका लागि
६. यस हजारौँ शासनलाई प्रभुको दिन भनेर चिनिन्छ
१५. अन्तिम न्याय – परमेश्वरको महान् सेतो सिंहासनमा पाना ३७
१६. नयाँ स्वर्ग र पृथ्वी पाना ४०

## १. पहिलो विद्रोह : स्वर्गदूत

यशैया १४:१२–१५ ए बिहानको तारा, ("चम्किलो" जहाँबाट उनको लुसिफर नाउ आउँदछ) प्रभातको पुत्र, तँ स्वर्गबाट कसरी खसेको छस्१ उहिले जाति जातिहरुलाई होच्याउने, तँ कसरी भूइँमा तल खसालिइस् । (१३)तैँलै आफ्नो हृदयमा भनिस्, "म स्वर्गमा उक्लनेछु । परमेश्वरका ताराहरुभन्दा माथि म मेरो सिंहासनलाई उच्च पार्नेछु । पवित्र पर्वतको सबैभन्दा उच्च टाकुरामा सभासद्को पर्वतमा म विराजमान हुनेछु ।(१४) म बादलको टुप्पाभन्दा माथि उक्लनेछु, म आफूलाई सर्वोच्च परमेश्वर जत्तिकै बनाउनेछु ।"

- अय्यूब ३८ ले भन्छ कि **विहानको तारा** र **परमेश्वरका पुत्रहरु** – स्वर्गदूतहरुका दुई भिन्नै प्रकारहरु हुन् – जो पृथ्वीको सृष्टि गर्नुहुँदा प्रभुसँगै थियो ।

अय्यूब ३८:४–७ "पृथ्वीको जग मैले बसाल्दा तँ कहाँ थिइस् ? तैँले बुझ्छस् भने मलाई बता । (५) त्यसकौ नाप कसले ठहरायो ? तैँले ता जान्नुपर्ने१ कसले त्यसमा नापको डोरी टाँग्यो ? (६) त्यसलाई थाम्ने खम्बाहरु कहाँ अड्याइएका छन् ? त्यसको जगको ढुङ्गा कसले बसाल्यो ? (७) जब त्यस दिनको मिरमिरै उज्यालोमा ताराहरुले एकसाथ गाए, र स्वर्गदूतहरु रमाहटले कराए । यो बताउँदै कि स्वर्गदूतहरु पृथ्वीको सृष्टि हुन अघि नै सृष्टि गरिएका थिए ।

त्यसपछि, पृथ्वीको सृष्टि भए पछि, यस विहानको तारा वा लुसिफरले, विद्रोह गरे र उनले स्वर्गको सबै सुखहरु गुमाउँदै उनलाई तल पृथ्वीमा फालिएको थियो : मैले तँलाई परमेश्वरको पर्वतबाट अशुद्ध गरि झारेको छु ।
यी "परमेश्वरका पुत्रहरु" फेरि उत्पत्ति छ मा आउँनेछन् ।

इजकिएल २८:११–२० लुसिफरको विद्रोहको बारेमा पनि बोल्दै, यो बताउँदै की उनको पतन हुन भन्दा अघि ऊ परमेश्वरको बगैँचा, अदनमा थियो र त्यहाँ पुजाहारीको पदमा रहेर काम गर्द थियो जसै उनले सबै महत्वपूर्ण रत्नहरु लगाउँ थियो जुन पछि महा पुजाहारी हारुनले आफ्नो छातीपातामा लगाएको थियो । यदि "बगैँचा" पृथ्वीमा वा अन्य कतै भएको भए, वा यदि प्रभुको अदनको जस्तै थुप्रै बगैँचा भएको भए, यो स्पष्ट छैन ।

तँ त सिद्धताको एक नमूना थिइस् र बुद्धिले पूर्ण सर्वाङ्गसुन्दर । १३ परमेश्वरको बगैँचा अदनमा तँ थिइस् । हरेक बहुमूल्य पत्थरले तँ सिँगारिएको थिइस् – मानिक, पुष्पराज,

पन्ना, पीतमणि, आनिक्स, बिल्लौर, नीर, फिरोजा र बेरुजले तँ आभूषित थिइस् । तेरा मणिघरहरु सुनले मोहोरिएका थिए, तँ सृजेको दिनमा नै ती तयार पारिएका थिए । १४ अभिभावक करुब हुनलाई तँ अभिषेक गरिएको थिइस्, किनकि त्यसरी नै मैले तँलाई नियुक्त गरेको थिएँ । परमेश्वरको पवित्र पर्वतमा तँ थिइस् । अग्निमय पत्थरहरुका बीचमा तँ हिँड्थिए । १५ तँ सृजिएको दिनदेखि तँमा अधर्म फेला नपरेको दिनसम्म, तेरो चाल ढङगमा तँ दोषरहित थिइस् । १६ तेरा चारैतिरका व्यापारद्धारा तँ उपद्रवले भरिइस्, र तैले पाप गरिस् । यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करुब, मैले तँलाई अग्निमय पत्थरहरुका बीचदेखि धपाइदिएँ । १७ तेरो सुन्दरताले गर्दा तेरो हृदय घमण्डले फुलियो, तैंले आफ्नो गौरवको कारण तेरो बुद्धिलाई भ्रष्ट पारिस् । यसैले मैले तँलाई जमिनमा फालिदिएँ । राजाहरुलाई अगि मैले तँलाई तमाशा बनाइदिए । १८ तेरा धेरै पापहरु र बेईमान व्यापारद्धारा तैंले तेरा पवित्रस्थानहरुलाई बिटुलो पारेको छस् । यसैले गर्दा मैले तँबाटै एउटा आगो निकालिदिएँ र त्यसले नै तँलाई भस्म पा¥यो । तँलाई नियालेर हेर्नेहरु सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ । १९ जाति जातिहरुमा तँलाई चिन्नेहरु तँलाई देखेर भयभीत हुन्छस् । तँ एक डरलाग्दो अन्त्यमा आइपुगेको छस् र तँ फेरि कहिल्यै रहनेछैनस् ।

- यो यसरी पढिन् छ जसै अदन, परमेश्वरको बगैंचा उनीहरुको विद्रोहको बेला पृथ्वीमा नभएर अन्य कतै थियो र पछि आदम र हव्वाको लागि त्यहाँ ल्याईएको थियो वा सृजना गरिएको थियो । उत्पत्ति २:८ परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा लगाउनुभयो, र उहाँले बनाउनुभएको मानिसलाई त्यही राख्नुभयो । र अहिले त्यो पृथ्वीमा पाइदैन । उत्पत्ति ३:२४
- म तँलाई तल पृथ्वीमा फल्दछु र शैतानले यो विचार ग¥यो कि त्यो पृथ्वीको शासक हो । तर त्यस पछि मञ्चमा मानिसको प्रवेश हुँदछ र उसलाई शासन गर्न अधिकार दिँदछ र शैतानको नयाँ शत्रु भएको छ ।

## २. मञ्चमा मानिसको प्रवेश हुँदछ

उत्पत्ति १:२६–२८ फेरि परमेश्वरले भन्नुभयो, मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । तिनीहरुले समुद्रका माछाहरु, आकाशका पन्क्षीहरु, पालिने पशुहरु र जमिनमा चलहल गर्ने सबै जन्तुहरुमाथि अधिकार गरुन् । २७ यसैकारण परमेश्वरले

मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो । परमेश्वरकै प्रतिरुपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो । नर र नारी नै गरी उहाँले तिनीहरुलाई सृष्टि गर्नुभयो । परमेश्वरले तिनीहरुलाई आशिष दिनुभयो, र तिनीहरुलाई भन्नुभयो, फल्दै फुल्दै, बृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ । समुद्रमा माछाहरु, आकाशका पन्छीहरु तथा पृथ्वीका सबै जीवित प्राणीहरुमाथि अधिकार गर ।

- कुनै यस्तो कुरा जुन कहिले पनि देखिएको थिएन त्यस्तो नर र नारी उहाँले बनाउँनुभयो र उनीहरुलाई भन्नुभयो, फल्दै, फुल्दै, बृद्धि हुँदै जाओ ।
- एफिसी ३:११ योचाहिँ ख्रीष्ट येशू हाम्रो प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उदेश्यअनुसार थियो ।
- मानव जातिका निम्ति यो प्रभुको योजना हो – **एक पुरुष र एक स्त्री** – दुई जाना एक हुँदै – पृथ्वीमा **सन्तानहरु जन्माउँदै र धार्मिकतासाथ अधिकार गर्दै ।**
- र अब शैतानले सबै मानिस जातिहरुलाई समावेश गर्न प्रभुसँगको आफ्नो युद्धलाई फैलाएको छ । त्यसले आफुले सक्ने सबै कुराहरु गरे ताकि पुरुष र स्त्रीले सन्तान उत्पन्न गरोस्, पृथ्वी उनीहरुले नभारोस् र त्यसमा अधिकार नगरोस् । आज हामीहरुले स्पष्टसँग यसको परिणाम देख्छौं, पुरुष र पुरुष बीचको विवाहद्धारा र स्त्री र स्त्री बीचको विवाहद्धारा ... कुनै पनि सन्तान नै छैन १

३. दोस्रो विद्रोह : मानवजाति

उत्पत्ति ३:१–७ सर्पले त्यस स्त्रीलाई भन्यो, “के परमेश्वरले तिमीहरुलाई भन्नुभएको छ ....... तिमीहरु मर्दैनौ । .... उनले खीन्....र उनले पनि खाए ....१४ तब परमेश्वरले सर्पलाई भन्नुभयो...१५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी (घृणा) हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस् ।”

- यो अगमवाणी, जुन बाइबलमा धेरै पाइन्छ, यसमा वर्तमान र भविष्यमा पुरा हुने कुरा छ । वर्तमान : मानिसका सन्तान र शैतानका सन्तानका बीचको दुश्मनी । भविष्य : प्रभु येशू ख्रीष्ट र ख्रीष्ट विरोधीहरु ।
- तेरो शिर कुच्च्याउनेछ : भाँच्न, चोट पार्न वा विजय पाउँन ।

कुर्कुच्चो डस्नेछस् : एउट सामान्य चोट जसले मानिसलाई कम्जोर बनाउँछ ।

- "बीउ" यसको अर्थ सन्तान वा छोराछोरीहरु । उत्पत्ति २२:१७, व्यवस्था १०:१५, यशैया ५३:१०, रोमी ४:१३ र १६, गलाती ३:२९ र घृणाका लागि प्रकाश १२:१७ हेरौं ।
- आदमले प्रभुमा विश्वास गरे र उनको श्रीमतीले सन्तान जन्माउँनेछन् भन्ने अगमवाणीमा पनि विश्वास गरे र उनले आफ्नो श्रीमतीको नाउँ **हव्वा** राखिन् जसको अर्थ "**सबै जिवितहरु कि आमा ।**" र साथै उनको एक सन्तानले सर्पलाई हराउँनेछ ।
- **हव्वा, सबै जिवितहरु कि आमा हुन्, तसर्थ "शैतानको सन्तान" हव्वा वा उनका कोही एक छोरीहरुबाट मात्र आउँन सक्छन् ।**
- **युद्ध बढ्छ :** शैतानले, अब यो कुरा बुझ्छ कि "स्त्रीको" एक जाना सन्तान, जो छोरा हो, उसले त्यसलाई हराउँन लागेको छ । तसर्थ, त्यसको मुख्य उदेश्य यस **बालकलाई नष्ट गर्ने** वा **त्यसको बीउहरुद्धारा**,
त्यसको सन्तानहरुद्धारा उहाँको जन्म हुन नदिने भ्रष्ट र नष्ट गर्ने थियो । प्रभुका मानिसहरु जो **स्त्रीका सन्तानहरु** हुन् "**उनीहरुले त्यसका शिरलाई कुच्च्याउँनेछन्** ।"
- यो सत्य जसले नयाँ र पुरानो करारमा भएका धेरै प्रश्नहरुको उत्तर दिन्छ हाम्रो स्पष्ट बुझाँइका लागि यो एकदमै महत्वपूर्ण छ, जसै हामी यो हाम्रो अब आउँने अध्ययनमा देख्नेछौं ।
- **शैतानका सन्तानहरु** वा बच्चाहरु छन् भन्ने प्रभुले भन्नुभएको सामाको दृष्टान्तहरु र अन्य तिर पनि पाउँन सकिन्छ ।

मत्ती १३:३७–४३ उहाँले तिनीहरुलाई जवाफ दिनुभयो, "असल बीउ छर्नेचाहिँ मानिसको पुत्र
हो । खेत संसार हो । असल बीउचाहिँ राज्यको सन्तान हो, र सामा दुष्टको सन्तान
हो । सामा रोप्ने शत्रुचाहिँ दियाबलस हो । फसलको समयचाहिँ युगको अन्त्य हो ।
खेतलारु स्वर्गदूतहरु हुन् । ४० "जसरी सामा उखेलेर आगोमा भस्म गरिन्छ, युगको
अन्त्यमा पनि त्यस्तै हुनेछ । ४१ मानिसको पुत्रले आफ्ना दूतहरु पठाउँनेछ, र पाप
गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरु सबैलाई तिनीहरुले उसको राज्यबाट बटुल्नेछन्,
४२ र उनीहरुलाई आगोको भट्टीमा फालिदिनेछन् । त्यहाँ मानिसहरु रुनेछन् र दाह्रा
किट्नेछन् । ४३ तब धर्मी जनहरु आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् ।
जसको कान छ, त्यसले सुनोसर ।

- **र यूहन्ना ८:४४** तिमीहरु **आफ्ना पिता दियाबलस“का” हौ**, र तिमीहरुका पिता**को** इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ। **को** –> ग्रीक “εκ” निकालिएको, उत्पत्ति भएको
- **प्रेरित १३:७–१०** मा पावलले “शैतानका सन्तानहरु” मध्य एक जानालाई सम्बोदन गरेका छन्।
  **तँ दियाबलसको छोरो**, सारा धार्मिकताको शत्रु, सम्पुर्ण छल र दुष्टताले भरिएको१
- यस सत्यलाई घोषणा गर्ने थुप्रै पदहरु छन्।

## ४. स्त्रीको पहिलो बीउ

उत्पत्ति ४:१–२ आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनी गर्भवती भएर कयिनलाई जन्माइन्, र भनिन्, “परमप्रभुको सहायताको एक पुरुष जन्माएँ।” २ फेरि तिनले कयिनको भाइ हाबिललाई जन्माइन्। हाबिल भेडा गोठाला भए, र कयिनलाई भूमिको खेतीकिसानी गर्ने भए।

- मानव इतिहासमा नै कयिन पहिलो छोरो थियो र उनको भई हाबिल त्यस पछि आए। उत्पत्ति ३:१५ मा गरिएको अवमवाणिको कारणले गर्दा शैतानले गरेको प्रयासमा उनीहरुलाई भ्रष्ट पार्न र मार्नका निम्ति उनीहरु मुख्य केन्द्र विन्दुभयो।
- उनका पिता आदम, जो बगैँचामा प्रभुसँग धेरै वर्षहरुसम्म हिँडेका थिए, यी उनका छोराहरुलाई निश्चय पनि के सही र के गलत हो भन्ने बारे सिकाइएको थियो। ४:३ कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए जुन चाहिँ श्रापित थियो र उनका आफ्नै कामदारहरुको “धर्म” काम र परिश्रमलाई बुझाउँथियो। प्रभुलाई र उनका पिताको शिक्षालाई केही पनि सम्मान नदेखाई, विद्रोह गऱ्यो र केवल आफैँमा र आफ्नै बाटोमा र इच्छाहरुमा मात्र केन्द्रीत भयो। ४:४ तर हाबिलले आफ्नो भेडाको बगालबाट पहिले जन्मेका पाठाहरुका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो।

४:६–७ तब परमप्रभुले कयिनलाई भन्नुभयो, “तँ किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो छ? यदि तैले जे ठिक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र? तर यदि तैले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तँप्रति हुन्छ, तर तैले त्यसलाई अधीन गर्नैपर्छ।”

- **पहिलो हत्यारा** : कयिनलाई अनुग्रह दिइएको थियो तर उनले प्रभुको **वचनलाई इन्कार गऱ्यो, विद्रोह गऱ्यो र आफ्नो भाइ हाबिललाई माऱ्यो** । यो चाहिँ येशूले अब्राहामका केही सन्तानहरुसँग (बीउ) बोल्नुभएको शव्दहरु जस्तो छ ।
  यूहन्ना ८:३७ मेरो वचनले तिमीहरुमा स्थान पाउँदैन ।
- शैतानले **एउटा छोरालाई मारेर अर्कोलाई चाहिँ नियन्त्रण गरेर** अर्को पनि युद्ध जित्यो ।

उत्पत्ति ४:९ तब परमप्रभुले कयिनलाई सोध्नुभयो, तेरो भाइ हाबिल कहाँ छ ? तिनले भने, मलाई थाहा छैन । के म मेरो भाइको गोठाला हुँ र ?

पहिलो झुट् बोल्ने व्यक्ति, उनको अत्मिकी पिता शैतान जस्तै थियो, "तिमी के निश्चय पनि मर्नेछैनौ ? यसले मलाई येशूले अविश्वासीहरुको भिडलाई भन्नुभएको कुराको स्मरण गराउँछ :

यूहन्ना ८:४४–४५ तिमीहरु आफ्नो पिता दियाबलसका हौ, र तिमीहरुका पिताको इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन । जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो ।

- झूट बोल्नुचाहिँ शैतानको हो । जब साँचो विश्वासीले झूट बोल्दछ, त्यसले शैतानलाई हाम्रो जीवनमा अझैं धेरै प्रभाव पार्नका लागि झियाल खोल्दिन्छ । एफिसी ४:२५ र २७

१ यूहन्ना ३:११–१२ तिमीहरुले सुरुदेखि नै सुनेको सन्देश यही हो, "हामीले एक अर्कालाई प्रेम गर्नुपर्छ ।" कयिनजस्तो नहोओ, जो शैतानका "εκ" थियो । उसले आफ्नो भाइको हत्या गऱ्यो । उसले आफ्नो भाहइको हत्या किन गऱ्यो ? किनकि उसका आफ्ना कामहरु दुष्ट थिए, अनि उसको भाइका कामहरुचाहिँ धार्मिक थिए । तिनीहरुका फलबाट तिमीहरुले तिनीहरुलाई चिन्नेछौ । मत्ती ७:१६

**को** –>ग्रीक "εκ" ले उत्पत्ति भएको स्थानलाई सङ्केत गर्दै, जहाँ कार्यहरु **–>** **दुष्ट व्यक्ति**बाट आउँदछ । **कयिन "बीउ" थिए, शैतानको छोरो ।**

येशूले निकोदेमससँग बोल्दै गर्दा उहाँले उत्पत्ति ३:१५ र “दुई बीउहरु”का बारेमा भएको तथ्यलाई प्रमाणित गर्नुभयो ।

यूहन्ना ३:३–८ येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने (ανωθεν’– शाव्दीक रुपमा भन्न पर्दा : माथिबाट वा सुरुबाट नै) उसले परमेश्वरको राज्य (प्रवेश गर्ने चाहिँ होइन तर हेर्ने मात्र) देख्न सक्दैन (ιδειν – हेर्नु वा बुझ्नु) ।”

(४) निकोदेमसले उहाँलाई भने, “मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र ? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ ?”

- निकोदेमस त्यस कुरामा सहि थियो येशूले “प्राकृतिक जन्मको” बारेमा भनि रहनुभएको थियो । तर येशूले मानिसको **उत्पत्ति** प्राकृतिक जन्मको बारेमा भनिरहनुभएको छ भन्ने ठानेर **गलत बुझियो** । निकोदेमसको गलत बुझाइँले “येशूको” शव्दहरुको साँचो अर्थलाई प्रमाणित गर्दैन, तर त्यो केवल उनको गलत बुझाइँ मात्र हुन्छ ।
- बाइबलमा धेरै पटक पुरुषहरुले येशूलाई गलत बुझेका छन् । **निकोदेमसको गलत बझाई** १० पदमा स्पष्टसँग देखिन्छ : येशूले तिनलाई जवाफ दिनुभयो, “तिमी इस्राएलका गुरु हो, र पनि यी कुरा बुझ्दैनौ ?”

**“फेरि” भन्ने शव्दको लागि** (παλιν) प्रयोग हुन्छ र **१७१ पटक** नयाँ करारमा प्रयोग भएको छ ।

(παλιν) शव्द यस पदमा प्रयोग भएको त छैन, तर (ανωθεν) शव्द भएको छ ।

यदि (ανωθεν) यस खण्डमा यसको सामान्य अर्थ लिएर अनुवाद गरिन्छ भने नयाँ करारको कुनै पनि ठाउँमा “फेरि” भन्ने शव्द राखिएर अनुवाद गरिदैन थियो होला ।

- (ανωθεν) लाई “फेरि” भनेर अनुवाद गर्नु चाहिँ असामान्य हिसाब वा अनुमान गर्नु हो ।

बाइबलले भन्दछ कि **पृथ्वीमा थुप्रै स्रोतका मानिसहरु छन्** । त्यो चाहिँ : **सबै जाना परमेश्वर “बाट” जन्मेका हुँदैनन्** ।

यूहन्ना १:१२–१३ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो । १३ तिनीहरु रगतद्धारा, शारीरिक इच्छाद्धारा, र कुनै मान्छेको इच्छाद्धारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन् ।

- १, २ र ३ सबैले **प्राकृतिक जन्मको** बारेमा बोल्दछ यसैले अनुवादको नियमले भन्दछ कि #४ पदले पनि प्राकृतिक जन्मको बारेमा नै बोलि रहेको छ । आत्मिकि जन्मको बारेमा होइन ।
- ***हुनु*** भन्ने चाहिँ एओरिष्ट काल हो : कुनै पनि कार्य भन्नुभन्दा अगाडि भूत कालको कुनै एक समयमा घटेको र त्यही समयमा नै पुरा भएको हो । यो क्रियाले मुख्यतया **हुनका लागि सुरु हुनु** भन्ने अर्थ दिँन्छ, जुन चाहिँ **अस्तित्वमा आउँनु वा केवल हुनु हो ।** (द कम्पिलिट् वर्ड स्टडि डिक्स्नेरि बाट : न्यू टेस्टमेन्ट © १९९२ बाई ए एम् जी इन्टरनेष्नल, आई एन सी. रिभाईज एडिसन, १९९३)

एपोलेजेटिक्स् अध्ययन बाईबलले **हुनु** चाहिँ सहि अनुवाद हो र **"हुन आउँनु चाहिँ" होइन** भन्नेमा सहमत जनाउँछन् जसले कार्य भएको समयलाई मानिसले विश्वास गरेको समयमा नै हुन ल्याउँछ, जुन चाहिँ धर्मशास्त्रीय स्तर हो र सही अनुवादको स्तर चाहिँ होइन ।

- परमप्रभु महान् परमेश्वर पिता हुनुहुन्छ र उहाँले आफ्ना सन्तानहरुलाई **चुन्नुभयो**, उहाँका परिवारहरु संसारको उत्पत्तिभन्दा अघिबाटै एफिसी १:४ ।
- उहाँका सन्तानहरु विश्वासमा आए किनभने उनीहरु **परमेश्वरबाट जन्मेका छनु**, उहाँका बीउ ।

उत्पत्ति ४:१६ तबा कयिन परमप्रभुको उपस्थितिबाट निस्केर अदनको पूर्वपट्टि भएको नोद भन्ने देशमा बस्न लागे ।

- कयिन पछाडि फर्केर प्रभुबाट टाढा गए ।
- १७ २४ पदहरुले हामीलाई कयिनका वशांवली सन्तानहरुका बारेमा बताउँछ र लेमेखले आफ्ना निम्ति **दुई पत्नीहरु** ल्याए, पहिलो घटना जसले परमेश्वरको **आज्ञा "एक पुरुष र एक स्त्री"** भन्नेलाई तोडेको थियो (उत्पत्ति २:२४)। लेमेख **बहुविवाहका**

पिता थिए, र **यस वशंको दुष्टता**लाई प्रदर्शन गर्दै, उनका पुर्खा कयिनले झैँ उनले **मानिसलाई मारेकोमा** गर्व गर्दथे ।

उत्पत्ति ४:२५,२६ फेरि आफ्नी पत्नीसित आदमको सहवास भयो, र तिनले एउटा छोरा जन्माइन् र तिनको नाउँ यसो भनेर शेत राखिन्, "कयिनले मारेको हाबिलको सट्टामा परमेश्वरले एउटा अर्को बालक (शाव्दिक अर्थ : बीउ) मलाई दिनुभयो ।" २६ शेतको पनि एउटा छोरो भयो, र तिनको नाउ एनोश राखियो । त्यस समयदेखि मानिसले परमप्रभुका नाउको पुकारा गर्न सुरु गरे ।

- आदम देखि शेत र उनको छोरा एनोश, यस वशंकाहरुले **प्रभुको नाममा पुकारा गर्न** सुरु गरे ।

यो चाहिँ सुनिएको वशं, बीउ हो, जसबाट सर्पका शिरलाई कुल्चनका लागि विजयका मुक्तिदाता आउँनुहुनेछ ।

- **अब हामीसँग यस पृथ्वीमा दुई वशंहरु, मानिसका दुई वशंवाली रेखाहरु छन् ।** एक जो प्रभुबाट तर्केर गएका छन् र अर्को जो प्रभु तीर फर्केका छन् ।
- उत्पत्ति ४:२४ बाट ५:३२ ले आदम देखि शेत र नोआसम्मका सन्तानहरुका बारेमा बताएका छन् । प्रत्येक सन्तानहरुको नाममा, यो खण्ड लेखिएको थियो : उनको अरु छोराहरु र छोरीहरु थिए त्यसैले पृथ्वी पर्याप्त मात्रामा भरिएको थियो ।
- **आदम देखि नोआ**सम्मको समयले **१,५५६ वर्ष** ओगटेको छ । **नोआ** पाँच सय वर्षका थिए र उनी **शेम, हाम** र **येपेतका** पिता भए ।

## ५. "स्त्रीको बीउ" माथि शैतानको ठूलो आक्रमणको परीणाम स्वरुप बाढी आयो

**उत्पत्ति ६:१–१४** जब मानिसको संख्या पृथ्वीमा बढ्दैगयो (आदम र नोआसम्म १,५५६ वर्षहरु बिते) र तिनीहरुका छोरीहरु जन्मे २ तब परमेश्वरका छोराहरुले (पुरानो करारमा यस शव्दले जहिले पनि स्वर्ग दूतलाई संकेत गर्दछ : अययूब १:६, २:१, ३८:७) मानिसका छोरीहरुलाई सुन्दरी देखे, (उनीहरु प्रति कामुक भए) र आफ्ना– आफ्ना रुचिका पत्नीहरु ल्याए । (लेमखको उदाहरणलाई पछ्याउँदै पहिलो बहुपत्नीवादी जसले दुई पत्नीहरु ल्याएका थिए । उत्पत्ति ४:१९) ४ त्यस बेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरु थिए । परमेश्वरका छोराहरु मानिसका छोरीहरुकहाँ जान लागे र सन्तान जन्माए । तिनीहरु (

सन्तानहरु, नेफिलीम) नै उहिलेका शूरवीर(योद्धा, वा विशाल मानिस) र नाउँ चलेका मानिसहरु थिए ।

- यी **“परमेश्वरका सन्तानहरु”** परमेश्वरले सृष्टि गर्नुभएका **स्वर्गदूतहरु** हुन्, ती जो **तल फलिएकाहरु** छन् जसले “लुसिफरलाई” पछ्याउँछन् उनीहरु प्रभुले सृष्टि गर्नुभएकाहरु र प्रेम गर्नेहरु सबैलाई **नष्ट गर्ने उदेश्यले** प्रभुको विरुद्धमा विद्रोह गर्छन् (इजकिएल २८:१२–१९।

- यहूदा ६–७ आफ्नो अधिकारको (वा : स्थान) मर्यादा कायम नराखेर उचित बासस्थान त्याग्ने (वा बासस्थल) (“मानिसका छोरीहरु” प्रति कामवासनाद्धारा डोऱ्याइएको) स्वर्गदूतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ, जसरी सदोम र गमोरा र तिनका आसपासका शहरहरु, जुनहरु व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरु अनन्त अग्निको दण्ड भोगेर उदाहरण (परमेश्वरले कति धेरै व्यभिचारलाई घृणा गर्नुहुँदो रहेछ) बनेका छन् ।

> शैतान, यी तल फालिएका दूतकाहरु अगुवा भएर उनीहरुलाई निश्चित भएर उनीहरुलाई मन लागेका **पत्नीहरु** चुन्नु भने फेरि रगतको रेखा, वशं, डि एन ए वा मानव जातिको आनुवंशिक तत्वहरुलाई अशुद्ध गर्न, ताकि अगमवाणी गरिएको स्त्रीको सन्तान जसले त्यसको शिरलाई कुल्चन्छ त्यो हुन नदिन ।

- यी तल फालिएका दूतहरुकासँग स्त्रीलाई गर्भवती बनाउँन र सन्तान उत्पन्न गर्ने शक्ति छ जसै उत्पत्ति छ मा भनिएको भनाईको अर्थ यो हो कि **मानिसका जीनहरु** भ्रष्ट हुनेछन् । **स्त्रीको बीउ**लाई अशुद्ध गर्नका लागि यो अर्को आक्रण हो ।
- प्रभुका मानिसहरु, **स्त्रीका बीउहरु**लाई भ्रष्ट पार्न र नष्ट गर्न, शैतान, सर्प, **आफ्नो बीउ**लाई, त्यसका सन्तानहरुलाई पृथ्वीमा बढाउँनका लागि प्रयास गर्दै आएको थियो र गर्दै पनि छ । **यौन आनन्द** चाहिँ **मानव जातिलाई पासोमा पर्ने त्यसको मध्यम थियो** । अहिले संसार भरि नै यो युद्ध देखिन्छ । सबै विश्वासीहरुले यो जन्नुपर्छ र यसकारण **जवानीका अभिलाषाहरु** त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख । २ तिमोथी २:२२,२३

- यी सन्तानहरु चाहिँ ती हुन् जुन प्रभुले **दुष्टका छोराहरु** भन्नुभएको छ वा शैतानले छरेका सामाहरु । **मत्ती १३:३७–३९** उहाँले तिनीहरुलाई जवाफ दिनुभयो, "असल बीउ छर्ने चाहिँ मानिसको पुत्र हो । . . . असल बीउ चाहिँ राज्यको सन्तान हो, र सामा दुष्टको सन्तान हो । सामा रोप्ने शत्रुचाहिँ दियाबलस हो । फसलको समयचाहिँ युगको अन्त्य हो । खेतलाहरु स्वर्गदूतहरु हुन् ।" र **यूहन्ना ८:४४** तिमीहरु आफ्नो पिता दियाबलसका हौ, र तिमीहरुका पिताको इच्छा पूरा गर्ने तिमीहरुको सङ्कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन । जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो ।
- पावलले **प्रेरित १३:७–१०** मा यी "दियाबलसका छोराहरु" मध्य एक जानाको बारेमा बताएका छन् ।

**तँ दियाबलसका छोरो,** सम्पुर्ण छल र दुष्टताले भरिएको

**उत्पत्ति ६ मा फेरि हेर्छौं :**

५ पृथ्वीमा मानिसहरुको दुष्टता बढी भएको र तिनीहरुका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो । ६ पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दुःखित हुनुभयो । ७ त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु के मानिस, के घस्रने जन्तु, के आकाशका पन्क्षी सबैलाई किनभने ती बनाएकोमा मलाई दुःख लागेको छ ।" ८ तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो । ९ नोआको वृतान्त यही हो । आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरको साथै हिँड्ने गर्थे । १० नोआले तीन जाना छोराहरु जन्माए शेम, हाम र येपेत । ११ परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट भएको र उपद्रवले भरिएको थियो । १२ जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरुले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए । १३ यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरुको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरुद्धारा उपद्रवले भरिएको छ । हेर, म तिनीहरुलाई पृथ्वीसमेत नाश गर्नेछु ।"

- नेफिलीमहरुको अनैतिक कार्यहरु यति बढ्यो कि तिनीहरुका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो ।
- **पृथ्वीमा मानिसहरुको दुष्टता बढी भयो ।** मानव जातिको बाँच्ने आधारमा यो एक अम्भिर आक्रमण थियो र स्त्रीको बीउ बारे गरिएको अगमवाणी थियो ।
- नेफिलीमहरुको डि.एन.ए आधा मानिसको र आधा त्यागिएको दूतहरुको थियो । यसले उनीहरुलाई उनीहरुमा कहिल्यै पनि नभएको दुष्ट र पापी स्वभावमा तीर लग्यो ।

तसर्थ, जलप्रलयले दुष्टको योजनाको अन्त्य गरिदियो

- **तरैपनि, एकजाना मानिस चाहिँ बाँकि थियो** . . . ९ नोआको वृतान्त यही हो । आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए । तिनी परमेश्वरको साथै हिँड्ने गर्थे । १३ यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, “सबै मानिसहरुको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरुद्वारा उपद्रवले भरिएको छ । हेर, म तिनीहरुलाई पृथ्वीसमेत नाश गर्नेछु ।”
- नोआ चाहिँ सेतको वंशको थियो जसको पिता चाहिँ आदम थियो ... तिनले आफ्नै स्वरुपमा एउटा छोरालाई जन्म दिएर तिनको नाउँ शेत राखे । उत्पत्ति ५:३
- जलप्रलय हुनुको तीन उदेश्य थियो : (१) नेफिलीमहरुलाई नष्ट गर्न (२) ती मानिसहरु जसका डि.एन.ए भ्रष्ट थिए उनीहरुलाई नष्ट गर्न (३) र ती सबै मानिसहरु जसले आफ्नो चालचलनलाई भ्रष्ट बनाएका छन् उनीहरुलाई पनि नष्ट गर्नका लागि थियो ।
- जब यी विशाल नेफिलीम मानिसहरु जलप्रलयमा मरे, र/वा त्यस पछि, उनीहरुको आत्माले उनीको शरीरलाई छोड्यो र पृथ्वीमा अर्को शरीरमा बास गर्नका लागि भौतारियो ताकि **मानव जातिहरुद्वारा पहिलाको जस्तै अनैतिक, यौन विक्रितीलाई प्रोत्साहन गर्न** ।

येशूले मत्ती १२:४३–४५ मा यो प्रमाणित गर्नुभएको छ

“जब अशुद्ध आत्मा मानिसबाट निस्केर जान्छ, (ग्रीक : एक्स्अरकोमाई/एक्स्अरसिजम्) त्यो विश्राम खोज्दै ओबानो ठाउँतिर डुलिहिँड्छ, तर कतै पाउँदैन । जब त्यसले भन्छ, जहाँबाट म निस्केर आएँ, त्यही आफ्नो घरमा म फर्किजानेछु । फर्किआउँदा त्यसले घर रित्तो, सफा गरिराखेको, र सजिएको भेट्टाउँछ । तब त्यो जान्छ र आफूभन्दा बढी दुष्ट अरु सात वटा

भूतात्मा आफूसँग ल्याउँछ, र भित्र पसेर तिनीहरु त्यहाँ वास गर्छन्, र त्यस मानिसको पछिल्लो दशा अघिल्लोभन्दा अझ नराम्रो हुन्छ। यस दुष्ट पुस्तालाई पनि त्यस्तै हुनेछ।

- ती दूतहरु जो चाहिँ स्त्रीहरु प्रति काम बासनामा परेर सन्ताज जन्माए तिनीहरु अनन्तको दन्डको अपराधी भए :
  - दूतहरुलाई विवाह गर्न अनुमति थिएन। मत्ती २२:३०

यहूदा ५–६ तिमीहरुले यी सब कुरा एक पल्ट जानेकै थियौ, तापनि अहिले म तिमीहरुलाई याद दिलाउन चाहन्छु, कि मिश्रदेशबाट बनाएर ल्याइएका मानिसहरुमध्ये विश्वास नगर्नेहरुलाई परमप्रभुले पछिबाट नष्ट पार्नुभयो। आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरुलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ।

१ पत्रुस ३:१९ यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेको आत्माहरुलाई (स्वर्गदूतहरु वा परमेश्वरका छोराहरुलाई) पनि प्रचार गर्नुभयो। २० ती आत्माहरुले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो। त्यस जहाजमा थोरै, अर्थात् आठ जना मात्र पानीद्वारा बनाइए।

यो याद राख्नुहोस् : येशूले हामीलाई सचेत गर्नुभएको छ : मत्ती २४:३७

मानिसको पुत्रको आगमन **नोआको दिनहरुजस्तै** हुनेछ।

यी दुष्ट आत्माहरु अझैं पनि पृथ्वीमा छन्। तिनीहरु जलप्रलयद्धारा मारिएको थिएन तर सिर्फ तिनीहरु बास गरेको शरीरबाट मात्र अलग गरिएको थियो।

सबै आत्माहरु अनन्तसम्म हुन्छन् . . . अनन्तको आगो वा अनन्तको जीवन।

यी दुष्ट आत्माहरु सबै किसिमको अनैतिक र अपराधिक यौन कार्यहरुलाई प्रोत्साहान गर्न जो सुकैमा अवसर खोजी रहेका छन्।

## ६. मुक्तिदाताको रगतको रेखालाई बिगर्ने प्रयत्न जारी छ

एज्रा ९:१–४ जब यी सबै गरिसिद्धध्याए तब अगुवाहरुले मकहाँ आएर भने, "इस्राएलका मानिस, पूजाहारीहरु र लेवीहरुसमेतले छिमेकका मानिसहरु, अर्थात् कनानी, हित्ती, परिज्जी, यबूसी, अम्मोनी, मोआबी, मिश्री र एमोरीहरुका घिनलाग्दा कामहरुदेखि आफूलाई अलग राखेका छैनन्। (किन ?) २ तिनीहरुले यी जातिहरुका चेलीबेटीहरुलाई आफू र आफ्ना छोराहरुका निम्ति पत्नीहरु राखेका छन्, र यसरी पवित्र जाति (शाव्दिक) विदेशी

मानिसहरुसँग मिसिएका छन् । र यसमा अगुवाहरु र अधिकारीहरु नै खास दोषी छन् ।" ३
जब मैले यो कुरा सुने तब आफ्नो पोशाक र खास्टो च्यातेँ, र आफ्नो कपाल र दाह्री उखेले
र अवाक् भइरहें । ४ अनि निर्वासनमा गएकाहरुको यस दोषको कारण इस्राएलका
परमेश्वरका वचनदेखि डराउनेहरु सबै मेरो चारैतिर भएर जम्मा भए । म त्यहाँ बेलुकीका
बलिदानको समयसम्मै अवाक् भइरहें ।

- **कनानीहरु** र **अन्य** सबै जाना नोआको छोरो **हाम**बाट आएका थिए जसले आफ्ना पिताको नग्नतालाई ढाकि दिएको थिएन । हाम **नेफिलीमको यौन अनैतिकताको आत्माले** भरेको वा प्रोत्साहित थियो । याद राख्नु होस्, हाम चाहिँ जलप्रलय भन्दा अघि नेफिलीमसँग र खसाईएको दूतहरुसँग थियो ।

- उनका दाजुभाईहरु शेम र ऐपेतहरुले चाहिँ **हेर्नलाई इन्कार गरे** । उनीहरु **नेफिलीमको अनैतिक आत्माबाट स्वन्त्र थिए** ।

- नोआले हामका छोरो **कनान**लाई श्राप दिए र उनीबाट **हित्ती, यबूसी, एमोरी गिर्गाशी** र अन्य धेरै आए (उत्पत्ति ९:२२–२५, १०:१५–२०) ।

- **कनानका सबै कुलले** "शैताको बीउ" र उनीहरुमा भएको यौन अनैतिकतालाई बोकिरहेका थिए । त्यसैले प्रभुले भन्नुभयो :

प्रस्थान २३: २०–३३ २२ . . .तिमीहरुका शत्रुहरुका शत्रु र तिमीहरुका विरोधीहरुको विरोधी
हुनेछ । २३ मेरा दूत तिमीहरुका अगिअगि जानेछन्, र एमोरी, हित्ती, परिज्जी, कनानी, हिव्वी
र यबूसीहरुको देशमा तिमीहरुलाई पुऱ्याउनेछन्, र म उनीहरुको नाउँनिशान मेटिदिनेछु ।
२४ उनीहरुका देवताहरुलाई नढोग, पूजा नगर, र उनीहरुका रीतिअनुसार नगर, तर
उनीहरुलाई विलकुलै नाश गर, र उनीहरुका चोखा ढुङ्गाहरुलाई टुक्रा टुक्रा पार ।

- अब हामीले यो बुझ्नु पर्छ कि किन प्रभुले म उनीहरुको नाउँनिशान मेटिदिनेछु भन्नुभयो ।
- यशैया ३४:५ मेरो तरवारले स्वर्गमा अघाउञ्जेल पिएको छ । हेर, इन्साफको लागि एदोममाथि त्यसको प्रहार पर्नेछ, त्यस जातिमाथि जसलाई मैले सर्वनाश गरेको छु । यो बुझ्ने एक मात्र तरीका भनेको चाहिँ . . .
- प्रभुले "**स्त्रीको बीउको**" रगतको रेखामा भएको भ्रष्टतालाई सुल्झाउँन र हुन नदिन आवश्यक पर्ने सबै कुरा गर्नुहुनेछ । "सर्पका बीउहरु" जो धम्काउँन क्षेमता भएको शत्रुहरुलाई नष्ट पनि गर्नुहुनेछ ।

माथिका कुरालाई बुझाउँने स्पष्ट उदाहरण चाहिँ : १ शामूएल १५:१–३ शमूएलले शाऊललाई भने, "परमप्रभुले तपाईलाई इस्राएलमाथि राजा अभिषेक गर्न भनी मलाई पठाउनुभयो । अब परमप्रभुको वचन ध्यान दिएर सुन्नुहोस् । सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ : "मिश्रदेशबाट इस्राएल उक्लेर आउँदा अमालेकीहरुले इस्राएललाई आक्रमण गरे । यसकारण त्यसको निम्ति अमालेकीहरुलाई दण्ड दिने निश्चय मैले गरेको छु ।" अब अमालेकीहरुमाथि जाइलागेर उनीहरुलाई नाश गर, र उनीहरुका सबै धन सम्पत्ति नाश गर, एउटै थोक पनि नछोड् र सबैलाई खतम पार । उनीहरुका पुरुष, स्त्री, केटाकेटीहरु, दूध खाने बालकहरु, गाई गोरु, भेडाबाखा, ऊँट र गधा सबैलाई नाश गर । **किन ?**

- अमालेकीहरुका रगतको रेखा चाहिँ "शैतानको बीउ"बाट थियो । एसावका छोरा एलीपजकी तीम्न नाउँ भएकी एउटी भित्रिनी थिई । एलीपजबात त्यसले अमालेकलाई जन्माई । एसावकी पत्नी आदाका नातिहरु यी नै हुन् । उत्पत्ति ३६:१२

मलाकी १:३ र रोमी ९:१३ मा भने झैं जसो लेखिएको छ, "याकूबलाई मैले प्रेम गरें तर एसावलाई तुच्छ ठानें ।" **किन** ? प्रभुलाई थाहा थियो कि त्यो चाहिँ दुष्ट **"को"** थियो ।

यो **यूहन्ना १:१२** को उदाहरण हो  तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे (को ? उहाँको नाउँमा विश्वास गर्ने ? तिनीहरु . . .), उहाँले तिनीहरुलाई परमेश्वरका (जसले उनीहरुलाई ग्रहण गरे ?) सन्तान हुने अधिकार दिनुभयो । १३ तिनीहरु (१) रगतद्धारा, (२) शरीरिक इच्छाद्धारा,र कुनै (३) मान्छेको इच्छाद्धारा होइन तर (४) परमेश्वरबाट जन्मिएका हुन्छन् । ( "स्वर्गबाट जन्मिएकाहरु" भन्ने नोटबाट हेर www.treasurehisword.com पाना ३ )

  - अनुवादको नियम अनुसार, यदि १, २, र ३ ले प्राकृतिक जन्मको बारेमा बनाएको छ भने #४ ले पनि प्राकृतिक जन्माको बारेमा नै बताएको छ ।

- **एसाव** चाहिँ **शरीरको इच्छाद्धारा** र **मानिसको इच्छाद्धारा** जन्मेको थियो, **परमेश्वारको इच्छाद्धारा होइन** । फेरि, अहिले पृथ्वीमा दुई प्रकारका स्रोतहरु वा मानिसका वंशहरु छन् भनेर स्पष्ट देखाउदै आएको छ ।

- याकूब र एसाव चाहिँ इसाहक र रिबेका जुम्ल्याहा छोराहरु थिए : उत्पत्ति २५:२३–२४ परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो कोखमा दुई जातिहरु (दुई भिन्नै वशंहरु) छन्, तेरो गर्भबाट जन्मँदाखेरि नै दुई जाति (दुई भिन्नै वशंहरु) छुट्टाछुट्टै जन्मनेछन् । एउटा अर्को भन्दा बलवान् हुनेछ, र जेठोले कान्छाको सेवा गर्नेछ ।" तिनको सुत्केरी हुने बेला आयो, र तिनको कोखमा जुम्ल्याहा रहेछन् ।

- **दुई जातिहरु : याकूब परमेश्वरबाट जन्मेका** थिए ।
- **एसाव** चाहिँ **शरीरको इच्छाद्धारा** र **मानिसको इच्छाद्धारा जन्मेका थिए ।**

अर्को उदाहरण :

उत्पत्ति १६:३–४ अब्राम कनानमा बसेका दश वर्षपछि तिनकी पत्नी साराईले आफ्नी कमारी मिश्री हागारलाई आफ्ना पति अब्रामलाई तिनकी पत्नी हुनलाई दिइन् । ४ अनि तिनी हागरकहाँ गए, र त्यो गर्भवती भई । जब त्यसले “म गर्भवती भएछु” भनी थाहा पाई, तब त्यसले आफ्नी मालिक्नीलाई तुच्छ दृष्टिले हेर्न लागि । . . . ११ परमप्रभुका दूतले त्यसलाई भने, “तँ गर्भवती छेस् र तैंले एउटा छोरो जन्माउनेछेस् । तैंले त्यसको नाउँ इश्माएल राख्नू, किनभने परमप्रभले तेरो दु:ख हेर्नुभएको छ (प्रभुको दया)।” १२ मानिसहरुमा त्यो जङ्गली गधाजस्तै हुनेछ । त्यसको हात सबैका विरुद्धमा उठ्नेछ, र सबैका हात त्यसको विरुद्धमा उठ्नेछ र सबैका हात त्यसको विरुद्धमा उठ्नेछन् । आफ्ना सबै नातेदारहरुकै शत्रुतामा त्यो बसोवास गर्नेछ ।

- **इश्माएल शरीरको इच्छाद्धारा** र **मानिसको इच्छाद्धारा जन्मेका** थिए, **परमेश्वरको इच्छाद्धारा होइन** । फेरि, अहिले पृथ्वीमा दुई स्रोतहरु वा मानिसका वंशहरु छन् भन्ने बारे स्पष्ट देखाउँदै आएको छ ।
- **इसाहक परमेश्वरबाट जन्मेका** थिए ।
- गलाती ४:२२–२९ किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरु थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट । २३ कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्धारा । २४ यो कुरालाई रुपकदृष्टान्तको रुपमा लिन सकिन्छ । ती स्त्रीहरु दुई किसिमका करारहरु हुन् । एउटीचाहिँ सीनै पवर्तबाट दासत्वको लागि सन्तान जन्माउने हागार हो । . . . २६ तर माथिको यरुशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन् । . . . २८ अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं । २९ तर त्यस बेला जसरी शरीर अनुसार जन्मेकोले (एसाव) आत्माअनुसार जन्मेकोलाई (याकूब) सताउँदथ्यो, अहिले पनि त्यस्तै छ ।
- १ यूहन्ना ३:८–१० जसले पाप गर्छ त्यो दियाबलसको हो । किनकि दियावलसले त सुरुदेखि नै पाप गर्दैआएको छ । दियाबलसका कामहरु नष्ट पार्नलाई नै परमेश्वरका पुत्र प्रकट हुनुभएको हो । ९ परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन, (किनभने कुनै समयमा उनले विश्वास गर्न सक्छ) किनकि उहाँको स्वभाव त्यसमा रहन्छ, र त्यसले पाप गरिरहन सक्दैन, किनभने त्यो परमेश्वरबाट जन्मेको

हो । १० परमेश्वरको सन्तान को हो र दियाबलसको सन्तान को हो, यसैबाट प्रष्ट हुन्छ ठीक काम नगर्ने व्यक्ति परमेश्वरको सन्तान होइन, र त्यो व्यक्ति परमेश्वरको सन्तान होइन, र त्यो व्यक्ति पनि होइन, जसले आफ्नो दाजुभाइलाई प्रेम गर्दैन ।

यो सबै "बीउको" वशांवलीको बारेमा हो । बाइबलमा धेरै वशांवलीमा यस्तो देखिन्छ : उत्पत्ति ९ र १० र अन्त चाहिँ मत्ती १:१‑१७ र लूका ३:२३‑३८ भएको छ ।

## ७. आज दुई मानिसका समुहहरुमा अनियन्त्रीत क्रोधको कारण युद्ध हुँदैछ

एफिसी ६:१०–१३ अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ । ११ दियाबलसका युक्तिहरुका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर । १२ किनकि हामीहरुको युद्ध शरीर र रगतको विरुद्ध होइन,(त्यो चाहिँ प्रभुको मात्र जिम्मेवारी हो) तर (हाम्रो युद्ध चाहिँ) प्रधानताहरुका विरुद्ध, शक्तिहरुका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरुका विरुद्ध र स्वर्गीय स्थानहरुमा भएका दुष्टयाइँका आत्मिक सेनाहरुका विरुद्ध हो । १३ यसैकारण परमेश्वरका सारा हातहतियार उठाओ, र यसरी खराब दिनको सामना गर्न सक, र सबै काम गरेर खडा हुन सक्ने होओ । १४. . . खडा होओ,. . . . किनभने येशूले भन्नुभयो :

> जस्तो नोआका दिनहरुमा भएका थिए त्यस्तै मानिसका पुत्रका आगमनको दिनमा पनि हुनेछ ।

## ८. अझैँ स्पष्ट/प्रमाणीत गर्ने पदहरु :

व्यवस्था १०:१५ तापनि तिमीहरुका पिता पुर्खामा नै आफ्नो प्यार खन्याई परमेश्वरले तिनीहरुलाई प्रेम गर्नुभयो, र आज तिमीहरुले देखेझैँ तिनीहरुका सन्तान (शाव्दिक रुपमा : बीउ) तिमीहरुलाई नै सबै जातिहरुका माझबाट उहाँले चुन्नुभयो ।

यशैया ५३:१० तापनि उसलाई चकनाचूर र कष्टमा पार्न परमप्रभुको इच्छा थियो, र परमप्रभुले उसको प्राणलाई दोषबलिझैँ बनाउनुभए तापनि, उसले आफ्ना छोराछोरीलाई देख्नेछ (शाव्दिक रुपमै) र आफ्नो दिन बढाउनेछ र परमप्रभुको इच्छा उसकै हातमा उन्नत हुनेछ ।

रोमी ४:१३ संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई (शाव्दिक अर्थमा उनको बीउ) दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो ।

१६ पद त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वशंहरुका (बीउ) निम्ति पक्का होस् । यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरुका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन् ।

- अनुग्रहद्धाराको विश्वास हो –> ग्रीकको शाव्दिक पढाइमा । अनुग्रह चाहिँ सित्तैको बरदान हो । यो यसरी पढिन्छ कि **विश्वास चाहिँ अनुग्रहद्धाराको सित्तैको बरदान हो ।**

गलाती ३:२३–२७ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा (निश्चित गरिएको) थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएको थियौं । २४ विश्वासद्धारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो । २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौ । **सन्तान भैँ**

- यसले यो बताउँछ कि **विश्वास आउँन** अघि हामी **उहाँका सन्तानहरु** थियौं र हामीले विश्वास नगरेसम्म हामीलाई व्यवस्थाको अधिनमा राखिएको थियो ।
- यदि **विश्वास आउँछ** भने त्यो हामीबाट उत्पत्ति भएको होइन । यो चाहिँ अनुग्रहद्धारा पाएको उपहार हो ।
- १ पत्रुस १:१–३ हेर्नुहोस् पत्रुस . . . निर्वासित भई छरपष्ट भएकाहरुलाई (विदेशीहरु, त्यहाँका नागरिकहरु होइनन्). . . परमेश्वर पिताद्धारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरुलाई . . . उहाँको महान् कृपाले. . .हामी नयाँ गरी जन्मेका छौं । २१ उहाँद्धारा परमेश्वरमाथि तिमीहरुको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरुको विश्वास र आशा परमेश्वरमा रहोस् । २३ परमेश्वरको जीवित र नित्य रहने वचनद्धारा, विनाशी (मानिस, संसारिक) होइन तर अविनाशी (स्वर्गिय) वीर्यबाट तिमीहरु नयाँ गरी जन्मेका छौ ।
- २ पत्रुस १:१ मा लेखिएको छ . . . हाम्रो जस्तै अनमोल विश्वास प्राप्त गर्नेहरुलाई

गलाती ३:२६ किनकि विश्वासद्धारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ ।

- हामीहरुको प्राकृतिक जन्म हुनुभन्दा अघि नै **हामी उहाँका सन्तानहरु** थियौं, र **"विश्वास आउँन्जेल"** सम्म पनि र हामीले **"त्यस विश्वासलाई प्राप्त गऱ्यौं ।"** अनि त्यस समय पछि हामी **परमेश्वरका सन्तानहरु** नभएर छोराहरु भयौं, जसै पवित्र आत्मा हामी **"मा"** बास गर्नुभयो हामीलाई सिकाउँन र हामीलाई बुझ्ने शक्ति दिन ।

गलाती ३: २९ यदि तिमीहरु ख्रीष्टका हौ (कोही चाहिँ होइन । तर हामी चाहिँ उहाँका हौँ किनभने हामीहरु जन्मन अघि र संसारको जग बसाल्न अघि नै उहाँले हामीलाई चुन्नुभएको थियो) भनेता तिमीहरु अब्राहामका सन्तान (बीउ) हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरु ( ताकि उनी थुप्रै राष्ट्रका पिता होउन्) हौ । गलाती ४:१ मेरो भनाइको अर्थ यो हो, उत्तराधिकारी जबसम्म बालककै छ (परमेश्वरको), ऊ सबै थोकको मालिक भए तापनि कमाराभन्दा फरक हुँदैन, २ तर बाबुले ठहराएको समयसम्म ऊ अभिभावक र संरक्षकको अधीनमा हुन्छ । ३ हामी पनि यसरी नै बालक छउञ्जेल (हामीहरु फेरि नयाँ गरि जन्मन अघि) संसारका दैवी शक्तिहरुको दासत्वमुनि थियौं, ४ तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो । उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा जन्मनुभयो । ५ व्यवस्थाको अधीनमा रहनेहरुलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हम प्राप्त गर्न सकौं ।

- शाव्दिक रुपमा भन्नुपर्दा ग्रीक शव्दले "**धर्म पुत्र**"लाई अनुवाद गरेको छ जसको अर्थ "**जेठो छोराको स्थानमा राख्नु**" यहूदी बार मिट्ज्भा जस्तै जब छोरा १४ वर्षको हुन्छ उनलाई परिपक्क मानिन्छ ।
- "पुत्रहरुको रुपमा धर्मपुत्र" बनाउँनु चाहिँ ग्रीक शव्द हो : υἱοθεσίαν ( वी-ओथ्-इस्-इ-अ), υἱο  **पुत्र** र τίθημι  **राख्नु** शव्दहरुको मेलबाट आएको हो ।
- तसर्थ शाव्दिक अनुवाद चाहिँ : **हामीहरु सन्तान थियौं,** तर **पितले तोक्नुभएको समयमा हामीहरुलाई पुत्रको रुपमा राखिएको छ**  **परिपक्क छोरा वा छोरी** जब हामीले विश्वास गऱ्यौं अनि पवित्र आत्मा हामीमा आउँनुभयो हामीलाई सबै कुरा देखाउँन र सिकाउँन ।
- हामीहरु सधैं उहाँका सन्तानहरु थियौं, परमेश्वरका सन्तान, संसारको उत्पत्ति भन्दा अघिबाटै चुनिएका, र . . . **हामीहरु कहिल्यै पनि शैतानका सन्तान थिएनौ ।** हामीहरु कहिल्यै पनि धर्मपुत्र बनाइएका थिएनौ जसै आज हामीलाई त्यसको अर्थ थाहा छ ।
- धर्मपुत्रको अनुवाद चाहिँ धर्मशास्त्रीय स्तरमा नमिल्दोछ र ग्रीकको मिल्दो अनुवाद होइन ।
- बाइबलीय अनुवादमा व्यक्तिगत विचार राख्नु चाहिँ एक समस्या हो यसले के जे भी १६११ मा पनि असर पारेको छ जसै बाइबलिय विद्वानहरु **राजाका दिशानिर्देश अनुसार बचनका कुराहरुलाई निकाल्न र परिवर्तन गर्न बाध्य थिए**  जसद्वारा

के जे भी बाइबलले  विशपका बाइबलमा भएका कुराहरुलाई गलत ठहराउँन सक्दैन थिए ।

- धर्मपुत्रको परिभाष चाहिँ :"स्वेच्छाले अरुको बच्चालाई आफ्नो बच्चा बनाउँनु ।"
- साँचो विश्वासीहरु कहिल्यै पनि शैतानको बीउहरु होइनन् ! ! !

गलाती ४:६ **किनभने तिमीहरु पुत्रहरु हौ** – उहाँकाहरु !

- "परमेश्वरबाट जन्मेका" यूहन्ना १:१३,
- "स्वर्गबाट जन्मेका" शाव्दिक ग्रीक यूहन्ना ३:३
- अब्राहामका बीउ : **उनका सन्तानहरु** (ग्रीक : उनको बीउ) रोमी ४:१३ र १६
- तर्सथ : तिमीहरु पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा (जब हामीहरु फेरि जन्मिएका थियौं)पठाइदिनुभयो, जसले "हे अब्बा, पिता!" भनेर पुकार्नुहुन्छ । ७ यसैकारण, परमेश्वरद्धारा तिमी अब उप्रान्त दास होइनौ, तर पुत्र हौ, र पुत्र हौ (परिपक्क भएको छोरा वा छोरी) भनेता उत्तराधिकारी पनि हौ ।

एफिसी १:३–६ हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिष्ले ख्रीष्टमा आर्शीवाद दिनुभएको छ । ४ उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । ५ उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्धारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई (यो चाहिँ सहि अनुवाद हो र धर्मपुत्र होइन) अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् ।

हामीहरु जे छौं त्यही हौं, **उहाँको अनुग्रहद्धारा** १०० प्रतिशद पूर्णरुपमा र यसमा हाम्रो खुबि, परिश्रम वा कामहरुसँग केही सरोकार छैन ।

उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् ।

१ यूहन्ना ३:१–३ हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरु हौं, र साँच्चै हौं पनि । यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन । २ प्रिय हो, अहिले (सर्ने प्रकृयाको वा विशेष जोड दिएको शव्दको कीयबिशेषण) हामी परमेश्वरका सत्तान हौं, र हामी के

होऔँला, सो कहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौँ, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौँ । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौँ । ३ अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।

पिता धन्यवाद !!! हामी एकदमै आभारी छौँ !!!

९. हाम्रो प्रभु येशू ख्रीष्टको महान् विजय, अगमवाणी गरिउको "स्त्रीका सन्तान जसले सर्पका सन्तानका शिर कुच्च्याउने छन्"

उहाँको विजय तब सुरु भयो जब उहाँले आफैँलाई नम्र पारि आफ्नो सिंहासन, मुकुट, अधिकार र स्वर्गलाई त्यागि आफैँलाई रित्याइ, मानव भएर यस पृथ्वीमा आउँनुभयो ।

फिलिप्पी २:६–११ परमेश्वरको स्वरुपमा भएर पनि उहँले परमेश्वरको बरीवरी हुने कुरालाई एउटा पकिराख्ने वस्तुजस्तो ठान्नुभएन । ७ तर आफैलाई रित्याईकन कमाराको रुप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो । ८ स्वरुपमा मानिसजस्तो भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । ९ त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, १० कि स्वर्गमा, पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, ११ र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।

कलस्सी २:१३–१५ तिमीहरु आफ्ना अपराध र शरीरअनुसार बेखतनामा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँसँगै जीवित पार्नुभयो (किन ?) १४ र हाम्रो विरुद्धमा रहेको तमसुक र त्यसका सबै कानूनी दाबीहरुलाई क्रूसमा कीला ठोकी रद्द गरिदिनुभयो (यसको परिणामा चाहिँ यो हो कि)। १५ उहाँले प्रधानताहरु र शक्तिहरुलाई निःशस्त्र पारी ती सबैमाथि क्रूसमा विजय प्राप्त गर्नुभयो, र तिनलाई खुल्लमखुल्ला तमाशा बनाइदिनुभयो ।

येशू ख्रीष्टको क्रूस, उहाँको मृत्यु, बडिनुभएको र पुनरुथानले "सर्पको शिर कुच्चियो ।"

१ कोरिन्थी २:८–९ यस युगका कुनै पनि शासकहरुले त्यो कुरा बुझेनन् । तिनीहरुले बुझेका भएदेखि महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन् । तर यसो लेखिएको छ, "आँखाले नदेखेको र कानले नसुनेको र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरुका निम्ति तयार पार्नुभएको छ ।"

हिब्रू १:३–४ पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो ।

- पाप र शैतान माथिको विजय प्राप्त गरिसकेको छ र पूरा भएको छ ।

हिब्रू १०:१२–१४ यसकारण लत्रेका हातहरु उठाओ, र दुर्बल घुँडाहरु बलिया बनाओ । १३ तिमीहरु हिँड्ने बाटो सोझो बनाओ, ताकि लङ्गडो गोडा नखुस्कोस्, तर निको होस् । १४ सबै मानिसहरुसँग शान्तिमा बस्ने र पवित्र हुने प्रयत्न गर, पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन ।

- उहाँको काम पुरा भयो . . . र उहाँ अब हाम्रो लागि पर्खदै हुनुहुन्छ ताकि उहाँले हामीलाई दिनुभएको काम पुरा होस्

मत्ती २४:१४ अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।

रोमी १६:२० शान्तिका परमेश्वरले चाँडै नै शैतानलाई तिमीहरुका खुट्टामुनि कुल्चनुहुनेछ । हामीलाई दिइएको अधिकार र शक्तिद्धारा हामीहरुले अब “सर्पको शिरलाई कुच्च्याउँनमा” दिनका दिन सहभागि हुन्छौं ।

१०. अन्तको समयहरुमा बाँचिरहेको :

इस्राएलका परमपवित्र र यसका सृष्टिकर्ता परमप्रभु भन्नुहुन्छ : आउने कुराहरुका विषयमा, के तिमीहरु मेरा छोराछोरीहरुका बारेमा प्रश्न सोध्छौ, अथवा मेरा हातका कामका बारेमा तिमीहरु मलाई हुकुम दिन्छौ ? यशैया ४५:११

रोमी १३:११–१४ यसबाहेक यो वर्तमान समय कस्तो छ, सो तिमीहरुलाई थाहा छ । अब निद्राबाट व्यूँझने (वास्बीक्तामा उठ्ने, आत्मिकि वास्तविकता) ठीक बेला आइपुगेको छ, किनकि हामीले पहिले विश्वास गरेको भन्दा अहिले हाम्रो मुक्ति (यस दुष्ट वर्तमान समयबाट आन्तिम छुट्कारा) अझ नजिक छ । १२ रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ ( प्रभुको दिन) । यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं । १३ दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं । मोजमज्जामा, पियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र

डाहमा होइन । १४ तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ ।

हामीहरु आत्मिकि युद्धको समयमा बाँचि रहेकाछौं र हामी इस्साखारका छोराहरु जस्तै हुनुपर्छ :

१ कोरिन्थी १२:२३ परमप्रभुले भन्नुभएबमोजिम शाऊलको राज्यधिकार दाऊदलाई दिन हेब्रोनमा हतियारले सुसज्जित भएर दाऊदसँग मिल्न आएका दलहरुका संख्या यही हुन् : (३२) इस्साखारका जुन कुलका मानिसहरु इस्राएलले कुनचाहिँ बाटो लिनुपर्ने हो सो थाहा पाउने (परमेश्वरका मानिसहरु) र समयको चिन्ह बुझ्ने निपुण २०० जना प्रधानहरु, र तिनीहरुका अधीनमुनि भएका तिनीहरुका कुटुम्बहरु ।

- सिपाहीहरु, राम्ररी तालिम पाएका, आफ्नो लक्ष्यमा केन्द्रीत, मालिको इच्छा जानेका, शत्रुहरुको तरीकाहरु बुझेँका, मृत्युसम्मै पूर्णरुपमा प्रतिबद्ध भएकाहरु थिए ।

२ तिमोथी ३:१–५ तर यो बुझिराख, कि आखिरी दिनहरुमा डरलाग्दा समयहरु आउनेछन् । (२) किनभने मानिसहरु आफैलाई मात्र माया गर्ने, रुपियाँपैसाको मोह गर्ने, घमण्डी, हठी, अरुको बदनाम गर्ने, आमा बुबाको आज्ञापालन नगर्ने, बैगुनी र अपवित्र, (३) स्वाभाविक प्रेमरहितका, खुशी पार्न नसकिने, अरुको बदख्वाइँ गर्ने, दुराचारी, क्रूर, असल कुरालाई घृणा गर्ने, (४) विश्वासघाती, उत्ताउला, अहङ्कारले फुलेका, परमेश्वरलाई भन्दा सुख विलासलाई प्रेम गर्ने, (५) भक्तिको भेषचाहिँ लिने, तर त्यसको शक्तिलाई इन्कार गर्ने हुनेछन् । यस्ता मानिसहरुबाट अलग्ग बस ।

२ पत्रुस ३:३–४ सर्वप्रथम तिमीहरुले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरुमा गिल्ला गर्नेहरु गिल्ला गर्नै, तिनीहरुका आफ्नै अभिलाषमा यसो भन्दै आउनेछन्, ४ उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो ? किनकि पिता पुर्खाहरु सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ ।

मत्ती २४:४–१४ तब येशूले तिनीहरुलाई जवाफ दिनुभयो, “होशियार रहो, कसैले तिमीहरुलाई भ्रममा नपारोस् । ५ किनभने धेरै जना मेरो नाउँमा “म ख्रीष्ट हुँ” भन्दै आउनेछन्, धेरैलाई बहकाउनेछन् । तिमीहरुले युद्धहरु र युद्धहरुका हल्ला सुन्नेछौ । नघबराओ, किनकि यी हुन आवश्यक नै छन्, त अन्त्य त त्यति नै बेला हुँदैन । ७ किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ ठाउँमा अनिकाल र भूकम्प हुनेछन् । ८ तर यी सब त प्रसववेदनाको सुरु मात्र हो । ९ “तब तिनीहरुले तिमीहरुलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरुलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरुले तिमीहरुलाई घृणा गर्नेछन् । (इस्राएलमा यो धेरै समय देखि सत्य भएको छ र हुँदै आएकोछ र साथै हिन्दू र इस्लाम राष्ट्रमा भएका विश्वासीहरुमा पनि) १० धेरै झूटा अगमवक्ताहरु खडा हुनेछन्, र धेरैलाई बहकाउनेछन् । १२ दुष्टता बढेको हुनाले धेरैको प्रेम सेलाएर जानेछ । १३ तर अधिकारसम्म स्थिर रहनेचाहिँ बनाइनेछ ।१४ अनि

राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरुका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ ।

मत्ती २४:३३ त्यसरी नै तिमीहरुले पनि जब यी सबै कुरा भएका देख्नेछौ, तब ऊ नजिकै, ढोकामै छ जान ।

मत्ती २४:३४ साँच्चै, म तिमीहरुलाई भन्दछु, कि यी सबै पूरा नहोउञ्जेल यो पुस्ता बितिजानेछैन ।

माथिका पदहरुले हामीहरु अहिले बाँचि रहेको समयको बारेमा बयाँन गर्दछ :

- हामीहरु यस संसारका **होइनौ**, जसै येशू पनि यस संसारको हुनुहुन्न थियो । ( यूहन्ना १७:१६)
- हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं । (फिलिप्पी ३:२१)
- हामीहरु यस पृथ्वीका परदेशी र प्रवासी हौं । (हिब्रू ११:१३)
- विदेशमा हामी ख्रीष्टका राजदूहरु हौं । २ कोरिन्थी ५:२०
- हाम्रो मिसन भनेको येशू जुन मिसनको लागि यस संसारमा आउँनुभयो त्यो मिसनलाई पुरा गर्नु हो :
  - हराएकाहरुलाई **खोज्न** र **बचाउँन** – मत्ती २४:१४, २८:१८–२०
  - **नुन** र **ज्योति** हुन – मत्ती ५:१३

समयहरुको चिन्हद्धारा, यस्तो देखिन्छ कि अहिले हामी "अन्तिम दिनहरुको" ढोकामा नै खडा रहेको छौ । यस समयलाई सतावटको समय भनिन्छ । तरैपनि, यो सतावटको समय आउँन अघि, केही असल कुराहरु हुन्छन् ।

## ११. विश्वासीहरुको महान् प्रस्थान

२ थेसलोनिकी २:१–२ भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टका आगमनको विषयमा र उहाँलाई भेट्न हामी एकसाथ भेला हुने विषयमा हामी तिमीहरुलाई बिन्ती गर्दछौं, २ कि कुनै अगमवाणी वा वचन वा कुनै पत्रले प्रभुको दिन नजिक आएको छ भनी बतायो भने, ती हामीबाट आएका भन्ठानेर तिमीहरुको मन चाँडै विचलित नहोस् अथवा तिमीहरु नआत्तिओ ।

- उनीहरु यति धेरै कठिनाइमा बाँचिरहेका थिए कि, थेसलोनिकीहरुलाई लाग्यो कि "प्रभुको दिन" आएको छ र उनीहरुले "उहाँसँगको हाम्रो भेलाहरुलाई" छुट्याएका थिए ।
- यसले यो देखाउँछ कि पावलको सिकाई यस्तो प्रकारको थियो कि "प्रभुको दिन आउँन" अघि विश्वासीहरुले "उहाँलाई पर्किराख्न सकोस् ।" र उनीहरुलाई यो बुझाउँन कि "प्रभुको दिन" अझै आएको छैन पावल बताउँछन् :

३–४ पदहरु : कसैले कुनै किसिमले (प्रभुको दिन) तिमीहरुलाई धोका नदेओस् । किनकि पहिले विद्रोह नभएसम्म पापको मानिस, अर्थात सर्वनाशको छोरो (खस्दै जानु) प्रकट नभएसम्म त्यो दिन आउनेछैन ।

- १ तिमोथी ४:१–२ पवित्र आत्माले प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन् । (१ यूहन्ना २:१७–१९, २ पत्रुस २:२०–२२)

सर्वनाशको छोरो प्रकट नभएसम्म त्यो दिन आनेछैन । (४) त्यसले ईश्वर कहलिएका सबै अथवा पूज्य वस्तुहरुको विरोध गर्छ र तीभन्दा आफैलाई उच्च तुल्याउँछ, यहाँसम्म कि आफैलाई परमेश्वर नै घोषणा गरेर परमेश्वरको मन्दिरमा त्यो बस्छ ।

- यो भएको थिएन र यो हुन अघि, यो स्पष्ट छ कि साँचो विश्वासीहरु "सबै उहाँमा भेला" हुनेछन् ।

दानिएल १२:१ त्यस समयमा तिम्रा मानिसहरुलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन् । यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरु सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो बेला तिम्रा मानिसहरु जीवनको पुस्तकमा नाम लेखिएका सबै बचाइनेछन् ।

यस्तो देखिन्छ कि प्रभु येशू खीष्टको मण्डली – सबै विश्वासीहरु – "प्रभुको दिन" आउँन अघि संसारबाट बाहिर लगिनेछ जब त्यो महान् सतावट पृथ्वीमा आउँछ ।

- प्रभुको दिन : यशैया १३:६, इजकिएल ३०:३, योएल १:१५। २:१, ११, ३१, ४:१४, आमोस ५:१८–२०, सपन्याहा १:१४–१८, मलाकी ४:५, प्रेरित २:२०, १ थेसलोनिकी ५:२, २ पत्रुस ३:१०

मत्ती २४:३७ मानिसको पुत्रको आगमन नोआको दिनहरुजस्तै हुनेछ । (३८) किनकि जसरी जहाजभित्र पस्ने (न्यायको दिन आउँन अघि) दिनसम्म मानिसहरु खाइरहेका। पिइरहेका र

विवाहबारी गरिरहेका थिए, (३९) अनि जलप्रलय आएर तिनीहरु सबैलाई स्वातै बगाइ नलगेसम्म तिनीहरुले थाहा पाएनन् । मानिसको पुत्रको आगमन पनि त्यस्तै हुनेछ । (४०) त्यस बेला दुई जना खेतबारीमा हुनेछन्, एक जना लगिनेछ, अर्को छोडिनेछ । (४१) दुई स्त्रीहरु जाँतो पिँधिरहेका हुनेछन्, एउटी लगिनेछ, अर्की छोडिनेछ ।

नोआको दिन जस्तै हामीहरु पनि आफ्नो जहाज तयार गर्दै राख्नुपर्छ :

विश्वासद्धारा नोआले त्यति बेलासम्म अदेख रहेका घटनाका बारेमा परमेश्वरबाट चेताउनी पाएर भक्तिसाथ आफ्ने घरानालाई बचाउन एउटा जहाज बनाए । यसरी संसारलाई दोषी ठहराएर विश्वासद्धारा उनी आउने धार्मिकताका उत्तराधिकारी भए । हिब्रू ११:७

नोआ र उनको परिवार जहाजमा प्रवेश गरे, **प्रभुले ढोका बन्द गरिदिनुभयो**, र उनीहरु मात्र प्रभुद्धारा बचाइएका थिए र न्यायबाट, सतावटबाट उनीहरु बचाइएको वा उम्केका थिए ।

उनीहरुले न्यायलाई देखे, न्याय भएर गए र अनुभव पनि गरे तर सुरक्षित ठाउँबाट जहाँ उनीहरुले "**अन्त**सम्मै सहे र उनीहरु **बचाइए** ।"

लूकाले पनि यही कुरा नोआको बारेमा लेखेका छन् र यसमा तलका कुराहरु थपेका छन् :

लूका १७:२८–३१ लोतका दिनमा पनि त्यस्तै भएको थियो, मानिसहरु खाँदैथिए, पिउँदैथिए, किनबेच गर्दैथिए, रोप्दैथिए, बनाउँदैथिए, २९ तर जुन दिन लोत सदोमबाट निस्के, आकाशबाट आगो र गन्धक बर्सेर तिनीहरु सबैलाई नष्ट पार्‍यो । ३० मानिसको पुत्र प्रकट हुने दिनमा यस्तै हुनेछ ।

- याद राख्नुहोस् – प्रभुले भन्नुभयो यदि सदोममा कोही धर्मि मानिस छ भने उहाँले सदोमलाई नाश **गर्नुहुन्न** थियो (उत्पत्ति १८:२६–३३) । यसैले यस अन्तिम सर्वनाशको लागि, उहाँले **धर्मिलाई यहाँबाट बाहिर निकाल्नुहुनेछ ।**

उत्पत्ति १९:२० यसरी बेंसीका सहरहरु सर्वनाश गर्नुहुँदा परमेश्वरले अब्राहामलाई सम्झनुभयो । लोत बसेको सहरलाई उहाँले नष्ट पार्नुहुँदा । त्यस सर्वनाशको बीचबाट लोतलाई निकाल्नुभयो (त्यो हुनुभन्दा अघि) ।

न्याय र विपत्तिको बेलामा प्रभुले उहाँका चुनिएकाहरुलाई मिश्रमा सुरक्षित राख्नुभयो, र त्यस पछि उनीहरुलाई अन्तिम न्याय आउँनुभन्दा अघि मिश्रबाट अचम्म तरिकाले लाल समुन्द्रलाई दुई भाग पार्नु भएर त्यहाँबाट **उनीहरुलाई बाहिर लानुभयो** ।

तर्सथ हामीहरु तलका पदहरु बुझ्छौं जसले यो भन्छ कि सबै साँचो विश्वासीहरु "**बाहिर लगिनेछ**", जसलाई कोहीले महान् सतावट् अघिको "राप्चर" पनि भन्छन् ( "राप्चर" भन्ने शव्द बाइबलमा पाइदैन । यो एक ल्याटिन शव्द हो जसलाई "लिएर जानु" भन्ने शव्दलाई अनुवाद गर्न प्रयोग गरिएको थियो ।)

प्रकाश ३:१० तिमीले धैर्यको मेरो वचन पालन गरेका हुनले, तिमीलाई परीक्षाको त्यस बेलादेखि म बचाउनेछु जो पृथ्वीमा वास गर्ने मानिसहरुलाई जाँच गर्न सारा संसारमा आउनेवाला छ ।

१ थेसलोनिकी ४: १३–१८ तर भाइ हो, सुतिगएकाहरुका विषयमा तिमीहरु अजान बस
भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरुले आशा नहुने मानिसहरुजस्ता शोक गर्नु
नपरोस् । १४ किनकि हामी विश्वास गर्छौ, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी
नै परमेश्वरले उहाँमा सुतिगएकाहरुलाई (विश्वासीहरु जो मरेका छन् र उनीहरुको मृत्यु
भएदेखि, प्रभुसँग आत्मामा छन्) येशूद्धारा ल्याउनुहुनेछ । १५ प्रभुको वचनद्धारा हामी
तिमीहरुलाई घोषणा गर्छौ, कि हामी, जो जीवित छौं, र प्रभुको पुनरागमनसम्म
बाँचिरहन्छौं, सुतिगाएकाहरुलई (मरेकाहरु) कुनै किसिमले पनि उछिन्नेछैनौं । १६ किनकि
प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका
तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ र ख्रीष्टमा मरेकाहरुचाहिँ पहिले बौरिउठ्नेछन् (
शरीरहरुको पुनरुथान हुनेछ ताकि आत्मासँग मेल हुनका लागि जुन प्रभुसँग थियो) । १७ तब
हामी बाँचिरहेका र छोडिएकाहरु प्रभुलाई आकाशमा भेट्न तिनीहरुका साथसाथै बादलमा
उठाएलगिनेछौं, र यसरी हामी सबै प्रभुसँग रहनेछौं । १८ यसैकारण एउटाले अर्कालाई यी
वचनहरुले सात्त्वना देओ ।

यो खण्ड जारी छ : पुस्तक ५:१–११

तर भाइ हो, समय र बेलाको विषयमा तिमीहरुलाई केही लेख्ने आवश्यकता छैन । (२)
किनकि तिमीहरु आफै राम्ररी जान्दछौ, प्रभुको दिन (अन्तिम न्यायको दिन) त रातमा चोर
आएझैं आउनेछ । (३) जब मानिसहरु "शान्ति र सुरक्षा" भनिरहेका हुन्छन्, तब
गर्भवती स्त्रीलाई बेथा लागेझैं अचानक तिनीहरुमाथि विनाश आइलाग्छ, र तिनीहरु कुनै
रीतिले उम्कनेछैनन् । (४) तर भाइ हो, तिमीहरु अन्धकारमा छैनौ, तसर्थ त्यस दिनले
तिमीहरुलाई चोरले जस्तै चकित पार्नेछैन । (५) किनकि तिमीहरु सबै ज्योतिका सन्तान र
दिनका सन्तान हौ । हामी रातका र अन्धकारका सन्तान होइनौ । (६). . . तर जागा बसौं,
र सचेत होऔं . . . (८) . . . विश्वास र प्रेमको छातीको पाता र मुक्तिका आशाको टोप
लगाऔं । (९) किनकि परमेश्वरले हामीलाई क्रोधको निम्ति होइन (क्रोध चाहिँ अन्तिम न्याय
हो । विश्वासीहरु त्यसको लागि रहनेछैनन् ।), तर हाम्रा प्रभु येशू ख्रीष्टद्धारा मुक्ति प्राप्त

गर्नलाई अधिबाटै नियुक्त गर्नुभएको हो । (१०) उहाँ हाम्रा निम्ति मर्नुभयो, ताकि हामी जागा बसौँ वा सुतेका होऔँ, हामी सबे उहाँकै साथमा जिउन सकौँ । (११) यसकारण एउटाले अर्कालाई प्रोत्साहन देओ, र एउटाले अर्कालाई दह्रिलो पार्ने काम गर, जस्तो तिमीहरु गर्दै पनि छौँ ।

१ कोरिन्थी १५:५०–५४ ले अलौकिक घटनाहरुको बारेमा बताएका छन् :

हरे, म तिमीहरुलाई एउटे रहस्य भन्दछु, हामी सबै सुत्दैनौ (सबै जाना मर्नेछैन), तर हामी सबैको परिवर्तन हुनेछ, (५२) एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा । किनभने, तुरही बज्नेछ, र मृतकहरु (विश्वासीहरुको मृत्क शरीर । उनीहरुको आत्मा प्रभुसँग छ । २ कोरिन्थी ५:८) अविनाशी भएर जीवित हुनेछन् । अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ । (५३) किनकि यस विनाशी (शरीर) स्वभावले अविनाशी (पुनरुथान भएको शरीर) र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ । (५४) जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, “मृत्यु विजयमा निलिएको छ ।”

यी तलका पदहरुले शरीरको पुनरुथानको बारेमा व्याख्य गरेका छन् :

१ कोरिन्थी १५:४२–४५ मृतकहरुको पुनरुथान पनि त्यस्तै हो । जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ । (४३) अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ । दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ । (४४) प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ । प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ । (४५) यसकारण यस्तो लेखिएको छ, पहिलो मानिस आदम जीवित प्राणी

तुरहीको स्वरसित – हामी *“प्रभुलाई भेट्न बादलमा उठाइलगिनेछौँ” एकै क्षणमा, आँखाको एक निमेषमा ।” “र यसरी हामी सधैँ प्रभुसँग रहनेछौँ ।”*

## १२. संकष्ट

मत्ती २४:१५–२८ “यसकारण जब तिमीहरुले दानिएल अगमवक्ताबाट बोलिएको विनाशकारी घृणित थोक पवित्रस्थानमा खडा भएको देखौला (पाठकले बुझोस्)” १६ तब यहूदियामा हुनेहरु पहाडहरुतिर भागून् । १७ कौसीमा हुनेहरु आफ्ना घरमा भएका सामान निकाल्नलाई तल नझरुन् । १८ खेतबारीमा हुने आफ्नो खास्टो लिन फर्की नआऊन् । १९ हाय! गर्भवतीहरु र दूध खुवाउनेहरुलाई ती दिनमा । २० तर हिउँदमा वा शवाथमा तिमीहरु भाग्न नपरोस् भनी प्रार्थना गर । २१ किनकि त्यस बेला यस्तो

महासङ्कष्ट हुनेछ, जो जगत्‌को सुरुदेखि अहिलेसम्म भएको छैन, न त फेरि कहिल्यै हुनेछ। २२ ती दिन नघटाइएका भए कोही मानिस बाँच्न सक्नेथिएन, तर चुनिएकाहरुका निम्ति (ती जो सतावटको बेला विश्वासमा आउँछन्) ती दिन घटाइनेछन्। २३ तब तिमीहरुलाई कसैले हेर, ख्रीष्ट यहाँ छन्, कि त्यहाँ छन् भन्यो भने विश्वास नगर। २४ किनकि झूटा ख्रीष्टहरु, र झूटा अगमवक्ताहरु खडा हुनेछन्, र हुन सके चुनिएकाहरुलाई पनि भड्काउनलाई ठूला ठूला चिन्हहरु र आश्चर्यका कामहरु देखाउनेछन्। २५ याद राख, मैले तिमीहरुलाई अघिबाटै भनिदिएको छु। २६ "यदि तिनीहरुले तिमीहरुलाई "हेर, उनी उजाड स्थानमा छन्" भनी भन्छन् भने बाहिर निस्केर नजाओ। अनि "हेर, उनी भित्री कोठाहरुमा छन्" भने पनि विश्वास नगर। २७ किनकि जसरी विजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ। २८ जहाँ सिनु हुन्छ, त्यहाँ गिद्धहरु पनि जम्मा हुन्छन्।

- अर्को शव्दमा भन्नुपर्दा – उहाँको आगमनलाई कसैले पनि छुटाउँनेछैन।

प्रकाश १३:२ मैले देखेको त्यो पशु चितुवाजस्तै थियो...(६) परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान, र स्वर्गमा बस्नेहरुसमेत सबैको निन्दा गर्नलाई त्यसले आफ्नो मुख खोल्यो। (७) अनि त्यसलाई सन्तहरुसँग लडाइँ गर्न र तिनीहरुलाई जित्न अनुमति दिइयो। सबै कुलहरु, मानिसहरु, भाषाहरु र जातिहरुमाथि त्यसलाई अधिकार दिइयो। (८) र पृथ्वीमा वास गर्ने सबैले त्यस पशुको पूजा गर्नेछन्, अर्थात तिनीहरुले, जसको नाउँ संसारको सृष्टिदेखि नै मारिनुभएका थुमाका जीवनको पुस्तकमा लेखिएको छैन। (९) जसको कान छ त्यसले सुनोस् . . . (११) अनि पृथ्वीबाट निस्किरहेको अर्को एउटा पशु मैले देखेँ। त्यसको पनि थुमाका जस्तै दुई वटा सीङ थिए, र अजिङ्गरजस्तै त्यो बोल्दथ्यो। (१२) त्यसको पहिलो पशुको उपस्थितिमा त्यही पशुको सारा अधिकार चलाउँदथ्यो, र पृथ्वी र त्यसका सम्पूर्ण बासिन्दाहरुलाई पहिलो पशुको पूजा गर्न लाउँथ्यो, जसको घातक चोट निको भएको थियो। (१३) मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला ठूला चिन्हहरु पनि त्यसले गऱ्यो। (१४) पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्धारा त्यसले पृथ्वीका बासिन्दाहरुलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरुलाई दियो। (१५) त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरु मारिऊन्। (१६) अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरुका दाहिने हात वा निधारमा छाप लगाउन लायो। (१७) त्यो छाप नभईकन कसैले पनि किलमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो। (१८) बुद्धिमत्ता यसैमा छ :

जसको समझ छ, त्यसले त्यस पशुको संख्या जोडोस्, किनकि त्यो कुनै मानिसको संख्या हो, र यो संख्याचाहिँ छ सय छयसट्ठी हो ।

प्रकाश १४:९–१३ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरुका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कडा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरु र थुमाको सामुन्ने आगो र अन्धकमा त्यसलाई यातना दिइनेछ । ११ तिनीहरुका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ । तिनीहरु यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गछन् र त्यसका नाउँको छाप लिन्छन् । तिनीहरुले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन् । १२ परमेश्वरका आज्ञाहरु पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरुको धैर्य धारण यसैमा छ ।

## १३. पृथ्वीमा संकष्ट तर स्र्वगमा उत्सव

### १. खीष्टको न्यायको आसन

रोमी १४:१० हामी सबै परमेश्वरको न्याय आसनको सामने खडा हुनेछौं । (१२) यसैले हामी हरेकले परमेश्वरलाई आफ्नो लेखा दिनेछौं ।

खीष्टको न्यायको आसन स्वर्गमा पुऱ्याउने कुरा मात्र होइन । क्रूसमा पापको न्याय पहिले नै भईसक्यो (रोमी ८:१–३) । केवल साँचो विश्वासीहरु मात्र त्यहाँ प्रभुको अघि खडा रहेका छन् ।

यो चाहिँ उहाँको सेवक भई गरेका कार्यहरुका लागि पुरस्कृत हुने विषय हो ।

२ कोरिन्थी ५:१० किनकि हामी सबै खीष्टका न्याय आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ ।

१ कोरिन्थी ३:१३–१५ प्रत्येक मानिसको काम प्रकट हुनेछ, किनकि न्यायको दिनले त्यो खुलस्त गरिदिनेछ । त्यो आगोद्धारा प्रकट हुनेछ, र हरेकले कस्तो काम गरेको छ, सो आगोले जाँच गर्नेछ । १४ यदि कुनै मानिसले त्यस जसमाथि बनाएको काम रहिरहयो भने उसले इनाम पाउनेछ । १५ यदि कुनै मानिसको काम जलेर नष्ट भयो भने त्यसले नोक्सानी भोग्नुपर्नेछ, तर त्यो आफैचाहिँ आगोबाट उम्केझैँ बाँच्नेछ ।

**इनामहरु यी कुराहरुका लागि दिइनेछन् :**

१. परमेश्वरको राज्यमा बीऊ रोपेने र मल जल गर्ने कार्यमा हाम्रो मेहनत (१ कोरिन्थी ३:८)

२. येशूको लागि सतावट र अपमान सहनु (मत्ती ५:११–१२)

३. धार्मिकतासाथ ज्यूनु र देखाउँनका लागि होइन (मत्ती ६:१)

४. गरीबहरुलाई दिनु र देखाउँनका लागि होइन (मत्ती ६:३–४)

५. गुप्तमा प्रार्थना गर्नु (मत्ती ६:६)

६. गुप्तमा उपवास बस्नु (मत्ती ६:१८)

७. उहाँका सेवकहरुलाई स्वीकार गर्नु (मत्ती १०:४१)

८. जे भए पनि दिने जस्तै सादारण एक कप पानी भए पनि (मत्ती १०:४२)

९. आफ्नो शत्रुलाई प्रेम गर्ने, असल गर्ने, उधार दिने (लूका ६:३५)

१०. सुसमाचार सुनाउँने (१ कोरिन्थी ९:१६–१८)

११. हामीले जे गरे पनि, प्रभुको निम्ति गरेको जस्तै गरी हृदयबाट गर (कलस्सी ३:२३, २४)

१२. खीष्टको निन्दाहरुलाई गन्ती गर्ने जुन ठूलो महत्वका छन् (हिब्रू ११:२६)

२ यूहन्ना ८ होशियार रहो, जुन कुराको निम्ति तिमीहरु काम गरिरहेका छौ, त्यो गुमाउने होइन तर पूरा इनाम पाउने होओ ।

प्रकाश २२:१२ हेर, म चाँडै आउँदैछु । हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ ।

हामीहरुले मुकुटहरु पनि पाउँनेछौं :

१. परीक्षामा स्थिर रहेकोले र उहाँलाई प्रेम गरेकोले (याकूब १:१२)

२. सबै थोकमा आत्मसंयमी भएकोले (१ कोरिन्थी ९:२५)

३. ती जसले जितेका छन् र चेला बनाएका छन् (१ थेसलोनिकी २:१९)

४. विश्वास योग्य भएकोमा, मेरो दौडलाई सक्काएकोमा, उहाँलाई प्रेम गरेकोमा (२ तिमोथी ४:७?८)

प्रकाश ३:११ म चाँडै आइरहेछु । तिमीसँग जे छ त्यसलाई पक्रिराख, र तिम्रो मुकुट कसैले लिनेछैन ।

## २. थुमाको विवाहको भोज

प्रकाश १९:७–१० हामी रमाऔँ र अत्यन्त खुशी होओ, र उहाँलाई महिमा दिऔँ किनकि थुमाका विवाहको दिन आएको छ र उहाँको दुलही स्वयम् तयार भएकी छिन् । (८) चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो । चहकिलो मलमलको वस्त्र सन्तहरुका धार्मिक कार्य हुन् । (९) अनि ती स्वर्गदूतले मलाई भने, “यो लेख, थुमाका विवाहको भोजमा निमन्त्रणा पाउनेहरु धन्यका हुन् ।” तिनले फेरि मलाई भने, “परमेश्वरका सत्य वचनहरु यी नै हुन् ।”

## १४. येशू ख्रीष्टको दोस्रो आगमन

मत्ती २४:२९–३१ “ती सङ्कष्टका दिनको तुरुन्तै पछि, सूर्य अँध्यारो हुनेछ, र चन्द्रमाले आफ्नो चमक दिनेछैन, र ताराहरु आकाशबाट खस्नेछन्, तथा आकाशका शक्तिहरु हल्लाइनेछन् । (३०) तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरु विलाप गर्नेछन्, र तिनीहरुले मानिसको पुत्रलाई आकाशका बादलहरुमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन् । (३१) उसले आफ्ना स्वर्गदूतहरुलाई तुरहीको ठूलो आवाजको साथ पठाउनेछ, र तिनीहरुले आकाशको एक छेउदेखि अर्को छेउसम्म चारै दिशाबाट उसका चुनिएकाहरुलाई भेला गर्नेछन् ।

- यहाँ चुनिएकाहरु ती जो सतावटको समयमा इस्राएल र अन्य जातिहरुबाटका विश्वासमा आएकाहरु हुनेछन् ।

प्रकाश १९:११– २१ मैले स्वर्ग उघ्रेको देखेँ र त्यहाँ एउटा सेतो घोडा थियो । त्यसमाथि सवार हुनुहुने “विश्वासयोग्य” र “सत्य” कहलाइनुहुन्छ । धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ । (१२) उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा

धेरै राजमुकुट थिए । उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरु कसैलाई थाहा थिएन । (१३) उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ “परमेश्वरको वचन” थियो ।

उहाँसँगै सबै विश्वासीहरु, उहाँको मण्डली, उहाँको दुलही फर्किनुपर्दछ ।

(१४) स्वर्गका सेनाहरु सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरुमा चडेर उहाँको पछिपछि लागे । (१५) जातिजातिहरुलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरुमाथि शासन गर्नुहुनेछ । सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख कुण्ड उहाँले कुल्चनुहुन्छ । (१६) उहाँका पोशाक र तिघ्रामा राजाहरुका राजा र प्रभुहरुका प्रभु अङ्कित छ ।

(१९) अनि घोडामा सवार हुने र उहाँका सेनाहरुका विरुद्धमा युद्ध गर्न त्यो पशु र पृथ्वीमा राजाहरु र तिनका सेनाहरु भेला भएका मैले देखेँ ।

दियावलस र झूटा अगमवक्ताहरुको अन्त्य

(२०) तब त्यो पशु र त्यसको उपस्थितिमा अचम्म काम गर्ने झूटो अगमवक्ता दुवै पकाउ परे । यी अचम्मका कामहरुद्धारा त्यस झूटो अगमवक्ताले त्यस पशुको छाप लिने र त्यसको मूर्तिको पूजा गर्नेहरुलाई बहकाएको थियो । यी दुवै जलिरहेको गन्धकको अग्नि कुण्डमा जिउँदै फालिए । (२१) बाँकि रहेकाहरुचाहिँ घोडामाथि सवार हुनुहुनेको मुखबाट निस्केको तरवारद्धारा मारिए, र सबै पक्षीहरुले तिनका मासु अघाउञ्जेल खाए ।

शैतानलाई एक हजार वर्षका लागि बन्धि बनाएको छ

(२०:१) त्यसपछि अतल कुण्डको साँचो र एउटा ठूलो साङ्लो हातमा लिएका एउटा स्वर्गदूत स्वर्गबाट ओर्लन आएका मैले देखेँ । (२) तिनले त्यो अजिङ्गर, त्यो प्राचीन सर्प, जो दियाबलस वा शैतान हो, त्यसलाई पक्रे, अनि एक हजार वर्षका निम्ति बाँधेर राखे । (३) तिनले त्यसलाई अतल कुण्डमा फालिदिए, र त्यो कुण्ड बन्द गरी मोहोर लगाइदिए, ताकि एक हजार वर्ष अन्त्य नभएसम्म जाति जातिहरुलाई त्यसले बहकाउन नपाओस् । त्यसपछि केही समयको निम्ति त्यसलाई फुक्का गरिनुपर्छ ।

(४) तब मैले सिँहासनहरु र त्यसमाथि बस्नेहरुलाई देखे (प्रकाश ३:२१), जसलाई इन्साफ गर्ने अधिकार दिइएको थियो । तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरु र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरु र त्यसको छाप निधार वा हातमा नलगाउनेहरुका आत्माहरुलाई मैले देखेँ । तिनीहरु फेरि जीवित भए (उनीहरुको

पुनरुत्थानको शरीर जीवित भयो), र तिनीहरुले ख्रीष्टसँग एक हजार वर्षसम्म राज्य गरे । (५) अरु मेरकाहरुचाहिँ ती एक हजार वर्ष नबितुञ्जेल जीवित भएनन् । यो पहिलो पुनरुत्थान हो । (६) पहिलो पुनरुत्थानमा सहभागी हुनेहरु धन्य र पवित्र हुन् । यिनीहरुलाई दोस्रो मृत्युको शक्तिले केही गर्न सक्दैन, तर तिनीहरु परमेश्वर र ख्रीष्टका पूजाहारी भएर उहाँसँग एक हजार वर्षसम्म राज्य गर्नेछन् ।

सबै विश्वासीहरुले उहाँसँगै शासन गर्ने छन्

प्रकाश ५:९–१० तिनीहरुले यसो भन्दै एउटा नयाँ गीत गाए : तपाई यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरु तोड्ने योग्यका हुनुहुन्छ, तपाई मारिनुभयो र आफ्नो रगतद्धारा तपाइले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरुलाई छुटकारा दिनुभयो, (१०) र तिनीहरुलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरुले पृथ्वीमा राज्य गर्नेछन् ।

हजार वर्षका लागि मात्र होइन तर सधैँ भरिका लागि

> प्रकाश २२:५ त्यहाँ फेरि रात हुनेछैन, तिनीहरुलाई बत्ती वा घामको उज्यालो चाहिनेछैन, किनकि परमप्रभु परमेश्वर नै तिनीहरुको उज्यालो हुनुहुनेछ, र तिनीहरुले सदासर्वदै राज्य गर्नेछन् ।

पृथ्वीमा हाम्रो समयको उदेश्य भनेको केवल प्रभुसँगै राज्य गर्नका लागि भविष्यको हाम्रो स्तरको लागि हामीलाई तयार गर्न हो ।

मेरा भाइ हो, तिमीहरुमाथि विभिन्न किसिमका आपत् विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ ।

याकूब १:२

येशूले भन्नुभएको तलका दुष्टान्तहरु हेर्नुहोस् :

लूका १९:१२–१४ “एक जना खानदानी मानिस (येशू ख्रीष्ट) एउटा राज्य प्राप्त गरी फर्कि आउन (येशू स्वर्गमा फर्किनुभएको छ) भनी कुनै टाढा देशमा गए । तिनले आफ्ना दश जना नोकरहरुलाई (तपाई र म) बोलाएर (सबै जानालाई होइन) तिनीहरुलाई बोलाएर

तिनीहरुलाई दश सुनका सिक्का दिएर (उपहार र बरदानहरु) भने, जबसम्म म फर्किआउँदिन यसबाट व्यापार गर । (१५–१९) तब राज्य अधिकार पाई तिनी फर्केपछि आफूले पैसा दिएका नोकरहरुलाई आफूकहाँ बोलाउने हुकुम दिए (बचाइएकाहरुलाई स्वर्गमा लैजाने), अनि व्यापारबाट तिनीहरुले कति नाफा गरे भन्ने तिनले जान्न चाहे । तब पहिलो आएर यसो भन्यो, मालिक, तपाईको सिक्काले अझै दश सिक्का कमाएको छु । तिनले त्यसलाई भने "स्याबास असल नोकर, तँ अति थोरैमा विश्वासी भइस्, तैँले दश सहरहरुमाथि अधिकार पाउनेछस् ।" "दोस्रो आएर यसो भन्यो, "मालिक, तपाईको सिक्काले अरु पाँच सिक्का कमाएको छु ।""तिनले त्यसलाई भने, "तैँले पनि पाँच सहरमाथि अधिकार पाउनेछस् ।"

यस हजारौँ शासनलाई प्रभुको दिन भनेर चिनिन्छ

२ पत्रुस ३:८ तर प्रिय हो, यो एउटा कुरा नभुल, कि प्रभुको निम्ति एक दिन हजार वर्षझैँ र हजार वर्ष एक दिनझैँ हुन्छ ।

## १५. अन्तिम न्याय – परमेश्वरको महान् सेतो सिंहासनमा

२ पत्रुस २:५ धार्मिकताका प्रचारक नोआ र अरु सात जनालाई सुरक्षित राख्नुभयो ।

(७–८) उहाँले दुष्टहरुका कामुकताबाट अति दुःखित भएका धार्मिक लोतलाई बचाउनुभयो । (८) (ती मानिसहरुका माझमा बस्दा, र दिन प्रतिदिन तिनीहरुका कुकर्म देख्दा र सुन्दा, तिनी आफ्नो धार्मिक आत्मामा व्याकुल हुन्थे ।)

(९–१०) यसरी भक्तलाई परीक्षाबाट बचाउन र भक्तिहीनहरुलाई न्यायको दिनसम्म दण्डमा जकडिराख्न प्रभु जान्नुहुन्छ, (१०) विशेष गरी तिनीहरुलाई, जो अशुद्ध पार्ने कामवासनामा डुबिरहन्छन्, र अधिकारको अवहेलना गर्छन् । यिनीहरु हठी र अहङ्कारी हुन्छन्, र स्वर्गीय प्राणीहरुको निन्दा गर्न डर मान्दैनन् ।

२ पत्रुस ३:७ तर त्यही बचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन् ।. . . (१०) तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्वहरु आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् । (११) यी सबै

कुराहरु यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरु कस्ता किसिमका मानिस हुनुपर्छ ?

(१२) तिमीहरु परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरु जलेर भस्म हुनेछन्, र तत्वहरु आगोको रापमा पग्लनेछन् । (१३) तर उहाँको प्रतिज्ञाबमोजिम हामी हेर्छौं, जसमा धार्मिकताले वास गर्छ । (१४) यसकारण प्रिय हो, तिमीहरु यी कुराको प्रतीक्षा गर्नेहरु भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरु दाग वा खोट नभएकाहरु र शान्तिमा बस्नेहरु हुन प्रयत्न गर ।

प्रकाश २०:११–२१:६ तब मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि .विराजमान हुनुहुनेलाई देखें । उहाँको सामुन्नेबाट पृथ्वी र आकाश भागेर गए, र तिनीहरुका निम्ति कतै ठाउँ पाइएन । (१२) मैले ठूलो र साना सबै मृतकहरुलाई सिंहासनको सामुन्ने उभिरहेका देखें, र पुस्तकहरु खोलिए । अर्को एउटा पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो । ती पुस्तकहरुमा लेखिएका कुरामुताबिक, तिनीहरुका कामअनुसार मृतकहरुको इन्साफ भयो । (१३) समुद्रले त्यसमा भएका मृतकहरु दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरुमा भएका मृतकहरु दिइहाले । तिनीहरु प्रत्येकको आफ्नो आफ्नो काम अनुसार इन्साफ भयो । (१४) मृत्यु र पाताल अग्नि कुण्डमा फालिए । यो अग्नि कुण्ड दोस्रो मृत्यु हो । (१५) जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि कुण्डमा फालियो ।

मत्तीले माथिका कुराहरुलाई यी तरीकाले व्याख्य गर्छन् :

मत्ती २५:३१–४२ “जब मानिसको पुत्र सारा स्वर्गदूतसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ । (३२) र उसको सामुन्ने सबै जातिहरु भेला हुनेछन्, र जसरी गोठालाले भेडा र बाखालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरुलाई एउटालाई अर्काबाट अलग गर्नेछ । (३३) उसले भेडाहरुलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरुलाई देब्रेपट्टि राख्नेछ । (३४) “तब राजाले आफ्ना दाहिनेपट्टिकाहरुलाई भन्नेछ,“आओ, मेरा पिताका धन्यका हो, संसारको उत्पत्तिदेखि तिमीहरुका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर । (३५) किनभने म भोकाएको थिएँ, तिमीहरुले मलाई खान दियौ । म तिर्खाएको थिएँ, तिमीहरुले मलाई पिउन दियौ । म परदेशी थिएँ, तिमीहरुले मलाई आश्रय दियौं । (३६) नाङ्गै थिएँ, तिमीहरुले मलाई वस्त्र लगाइदियौ । विरामी थिएँ, तिमीहरु मलाई हेर्न आयौ । भ्यालखानमा थिएँ, तिमीहरु ममहाँ आयौ ।”

. . . (४०) “तब राजाले तिनीहरुलाई जवाफ दिएर भन्नेछन्, “साँच्चै, म तिमीहरुलाई भन्दछु, तिमीहरुले यी मेरा भाइहरुमध्ये सबैभन्दा सानामा एक जनालाई जे जति गऱ्यौ, त्यो तिमीहरुले मलाई नै गऱ्यौ ।” (४१)“त्यसपछि उनले देब्रेपट्टिका

मानिसहरुलाई भन्नेछन्, “श्रापित मानिस हो, मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरुका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।”

- कृपया यो नोट गर्नुहोस् : भेडाहरु र बाख्राहरु छुट्टि्टयाउँने काम हाम्रो होइन ।

साथै, किन विश्वास नगर्नेहरुका लागि **अनन्तको आगो** त ? के त्यो कारण **अनन्त आगोको** भागिदार हुनका लागि पर्याप्त छ ?

यसको उत्तरलाई फेरि वृस्तृत रुपमा गहूँ र सामाको दृष्टान्तमा व्याख्य गरिएको छ । उनीहरुले केवल “विश्वास मात्र नगरेको होइन” उनीहरु “दुष्टका सन्तानहरु हुन् ।” जसलाई दुष्टले प्रभुका योजनाहरुलाई रद्ध गर्नका लागि छरेका थिए र “उहाँका बीउहरुलाई” “उहाँका सन्तानहरुलाई” जुनैसुकै सम्भव हुने तरीकाबाट हानि गर्न । पहिलो चाहिँ जलप्रलय र अन्त्यमा **अनन्तको आगो** ।

मत्ती १३:३८–४३ खेत संसार हो । असल बीउचाहिँ राज्यको सन्तान हो, र सामा दुष्टको सन्तान हो । (३९) सामा रोप्ने शत्रुचाहिँ दियाबलस हो । फसलको समयचाहिँ युगको अन्त्य हो । खेतालाहरु स्वर्गदूतहरु हुन् । (४०) “जसरी सामा उखेलेर आगोमा भस्म गरिन्छ, युगको अन्त्यमा पनि त्यस्तै हुनेछ । (४१) मानिसको पुत्रले आफ्ना दूतहरु पठाउनेछ, र पाप गर्न लाउने प्रत्येक थोक र दुष्ट काम गर्नेहरु सबैलाई तिनीहरुले उसको राज्यबाट बटुल्नेछन् । (४२) र उनीहरुलाई आगोको भट्टीमा फालिदिनेछन् । त्यहाँ मानिसहरु रुनेछन् र दाह्रा किट्नेछन् । ” तब धर्मी जनहरु आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् । जसको कान छ, त्यसले सुनोस् ।

१ कोरिन्थी १५:२४–२८ तब अन्त्य आउनेछ, जब उहाँले हरेक शासन, हरेक अख्तियार र शक्ति नष्ट पारेर परमेश्वर, अर्थात् पितालाई राज्य सुम्पिदिनुहुनेछ । (२५) किनकि उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नेपर्छ । (२६) सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो । (२७)“किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ ।” तर यो स्पष्ट छ, कि “सबै कुरा उहाँको अधीनमा राखिएको छ” भन्नाले परमेश्वर आफै त्यस अधीनतामुनि हुनुहुन्न, जसले सबै कुरा ख्रीष्टको अधीनमा राखिदिनुभएको हो । (२८) जब सबै कुरा उहाँको अधीनमा ल्याइन्छन्, तब स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन् ।

## १६. नयाँ स्र्वग र पृथ्वी

प्रकाश २१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए । समुद्र त अब छँदैथिएन । (२) अनि मैले म परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरुशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें । (३) सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरुसँग भएको छ । उहाँ तिनीहरुसँग वास गर्नुहुनेछ, र तिनीहरु उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरुका परमेश्वर भएर तिनीहरुसँग रहनुहुनेछ । (४) उहाँले तिनीहरुका आँखाको आँसु पूर्ण रुपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरु बितिसकेका छन् ।

(५) सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु ।" उहाँले यसो पनि भन्नुभया, "यो लेख, यी कुराहरु भरपर्दा र सत्य छन् ।"

(६) उहाँले मलाई भन्नुभयो,

"**अब सिद्धियो । म अल्फा र ओमेगा हु, आदि र अन्त्य म नै हु ।** "